ehetaudasandesh.com

हेटौंडा  राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

२५औं वर्ष

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३२८ ॥ मंगलबार ५ जेठ २०८३ ॥ तृतीया ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Tuesday 19 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## इबोलाका कारण ८८ जनाको मृत्यु

सन्देश संवाददाता

काठमाडौं/कंगोमा फैलिएको घातक इबोला भाइरसका कारण हालसम्म ८० भन्दा बढी मानिसको ज्यान गएको छ। संक्रमण तीव्ररुपमा फैलिन थालेपछि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले यस अवस्थालाई अन्तर्राष्ट्रिय सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ।

स्वास्थ्य अधिकारीहरुका अनुसार हालसम्म ८८ जनाको मृत्यु भइसकेको छ भने ३ सय ३६ जनामा संक्रमणको आशंका गरिएको छ। रोगको फैलावट बढ्दो क्रममा रहेकाले थप जोखिम बढेको बताइएको छ। स्वास्थ्य मन्त्रालयले इबोलाविरुद्ध प्रभावकारी खोप उपलब्ध नभएको जनाएको छ। यस रोगको मृत्युदर करिब ५० प्रतिशत् सम्म पुग्न सक्ने भएकाले स्वास्थ्यकर्मीहरु उच्च सतर्कतामा रहेका छन्। प्रकोप नियन्त्रणका लागि विभिन्न अन्तर्राष्ट्रिय स्वास्थ्य सहायता संस्थाहरुले उपचार टोली र आवश्यक सामग्री स्वास्थ्य सामग्री पठाउने तयारी गरिरहेका छन्।

प्रकोप कंगोको इटुरी क्षेत्रमा सुरु भएको हो, जुन युगाण्डा र दक्षिण सुडानसँग सीमा जोडिएको क्षेत्र हो। प्रारम्भिक संक्रमित एक स्वास्थ्यकर्मी रहेको सार्वजनिक गरिएको छ। स्थानीयबासीको उपचार सुबिधा अभावका कारण बिरामीहरुको संख्या बढेको क्रममा रहेको जनाईएको छ।

*बागमती प्रदेशको बजेट तालिका डामाडोल*

# बजेट सिलिङमै ढिलाइ बजेट तालिका अस्तव्यस्त




सन्देश संवाददाता

हेटौडा/बागमती प्रदेश सरकारका मन्त्रालयहरूले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणका लागि आवश्यक बजेट सिलिङ अझै प्राप्त गर्न सकेका छैनन्। सरकारले आफैं जारी गरेको 'बजेट तर्जुमा निर्देशिका-२०८३' ले तोकेको समयसीमा सकिएको लामो समय बितिसक्दा पनि आर्थिक मामिला तथा योजना मन्त्रालयले विषयगत मन्त्रालयहरूलाई बजेट सीमा अर्थात् सिलिङ मार्गदर्शन पठाउन सकेको छैन।

निर्देशिकाको अनुसूची-७ अनुसार चैत १० गतेभित्र सबै मन्त्रालय र निकायलाई बजेट सिलिङ पठाइसक्नुपर्ने व्यवस्था छ। यस्तै वैशाख १० गतेभित्र विषयगत मन्त्रालयहरूले बजेट प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालयमा बुझाई सक्नुपर्ने कार्यतालिका थियो। तर, वैशाख सकिएता पनि मन्त्रालयहरूले बजेटको आकारबारे जानकारी पाउन सकेका छैनन्।

यसले योजना छनोट, कार्यक्रम तर्जुमा र बजेट प्रस्ताव तयारीमा अन्योल सिर्जना गरेको कर्मचारीहरूको भनाइ छ। प्रदेश सरकारले १४ मन्त्रालयलाई घटाएर ८ वटा कायम गर्ने निर्णय गरेपछि नयाँ संरचनाअनुसार बजेट सिलिङ बाँड्ने तयारी भइरहेको जनाएको छ। तर, जिल्लास्थित कार्यालयहरूको पुनर्संरचना र मर्ज प्रक्रिया टुंगोमा नपुग्दा सिलिङ वितरणमा ढिलाइ भएको प्रदेश सरकारको भनाइ रहेको छ।

आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले मन्त्रालय र मातहतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) सर्वे भइरहेकाले बजेट सिलिङ पठाउन केही समय थप लागेको बताए। उनका अनुसार प्रदेशभर रहेका करिब ५० वटा कार्यालयलाई गाभ्ने गृहकार्य भइरहेको छ।

सरकारले प्रशासनिक खर्च कटौती र कार्यसम्पादनलाई चुस्त बनाउन समान प्रकृतिका कार्यालयहरूलाई एकीकृत रुपमा सञ्चालन गर्ने तयारी गरेको छ। पूर्वाधार विकास कार्यालय र सहरी विकास कार्यालयलाई एउटै संरचनामा ल्याउने, कृषि विकास कार्यालय र पशु सेवा कार्यालयलाई एउटै मातहत राख्ने तथा उद्योग र पर्यटनसम्बन्धि कामलाई एकीकृत गर्ने विषयमा छलफल भइरहेको मन्त्री तामाङले सञ्चारकर्मीलाई जानकारी दिए।

यसैगरी वन क्षेत्रअन्तर्गत १३ जिल्लामा रहेका १५ वटा डिभिजन वन कार्यालयहरुलाई पुनर्संरचना गर्दै "एक जिल्ला, एक कार्यालय" अवधारणामा लैजाने तयारी भइरहेको सरकारको भनाइ छ। यस्तै विभिन्न बोर्ड, आयोग तथा निर्देशनालयहरूलाई खारेज, कटौती वा मर्ज गर्ने विषयमा पनि व्यापक छलफल भइरहेको बताइएको छ।

मन्त्री तामाङका अनुसार प्रशासनिक पुनर्संरचनामार्फत् सार्वजनिक खर्च करिब ३० प्रतिशत सम्म घटाउन सकिने सम्भावना बारे प्रदेश सरकारले गहन अध्ययन गरिरहेको छ। कर्मचारीहरूको वृत्ति विकासमा असर नपर्ने गरी नयाँ ओएण्डएम तयार गरिने र त्यसपछि सबै मन्त्रालय तथा कार्यालयलाई खर्च शीर्षकसहित बजेट सिलिङ पठाइने उनले बताए।

सरकारको बजेट तर्जुमा निर्देशिकाअनुसार माघ मसान्तभित्र स्रोत तथा खर्चको प्रारम्भिक सीमा निर्धारण गर्ने, चैत ७ गतेभित्र एकीकृत स्रोत अनुमान तयार गर्ने र चैत मसान्तभित्र राजस्व परामर्श समितिको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ।

त्यसैगरी जेठ १५ गतेभित्र मन्त्रालयहरूबीच बजेट र कार्यक्रम माथि छलफल सम्पन्न गर्ने, जेठ २१ गतेभित्र वार्षिक बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने तथा असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत गर्ने कार्यतालिका यसअघि नै बनेको छ।

तर, पछिल्ला समायोजन प्रक्रियाले उब्जाएको कामका कारणले प्रारम्भिक चरणमै बजेट सिलिङ वितरणमा भएको ढिलाइले समग्र बजेट निर्माण प्रक्रिया प्रभावित हुने देखिएको छ। यद्यपी सरकार यो कार्यमा जुटेको छ।

*सिद्धार्थ मावि स्वर्ण जयन्ती*

## ४६ लाख आम्दानी, ३३ लाख खर्च




सन्देश संवाददाता

हेटौंडा/सिद्धार्थ माध्यमिक विद्यालयले स्वर्ण जयन्ती महोत्सवको आयव्यय तथा गतिविधिबारे जानकारी दिएको छ। विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्णका अनुसार स्वर्ण महोत्सव अवधिमा कुल ४६ लाख ७१ हजार २ सय ४३ आम्दानी भएको थियो भने ३३ लाख १३ हजार १ सय ८ रुपियाँ खर्च भएको छ।

'सिद्धार्थको आगामी दशक, प्रविधिमैत्री दक्ष शिक्षक' भन्ने मूल नारासहित २०८२ पुस २४ गतेदेखि माघ ८ गतेसम्म विद्यालयले स्वर्ण जयन्ती महोत्सव विभिन्न कार्यक्रम सहित सम्पन्न गरेको थियो। विद्यालयले महोत्सव सफल बनाउन प्रमुख अतिथि, विशिष्ट अतिथि, शिक्षक-कर्मचारी, देश तथा विदेशमा रहेका पूर्वविद्यार्थी, पूर्वविद्यालय व्यवस्थापन समिति, विभिन्न संघसंस्था, वडा कार्यालय, टोल विकास समिति, सामुदायिक तथा संस्थागत् विद्यालयप्रति आभार व्यक्त गरेको छ।

स्वर्ण महोत्सवको तयारीका लागि हेटौंडा-२ का वडा अध्यक्ष विष्णुगोपाल महर्जनको संयोजकत्वमा ५ सय १ सदस्यीय मूल समारोह समिति तथा ४० सदस्यीय सचिवालय गठन गरिएको थियो। सचिवालयको नियमित बैठकमार्फत् आवश्यक कार्यक्रम सञ्चालन गरिएको विद्यालयले जनाएको छ। महोत्सवको अवसरमा विद्यालय भवन, सरस्वती मन्दिर तथा गेटहरुको रंगरोगन, चौर तथा चौतारा निर्माण, स्मारिका प्रकाशन, मायाको चिनो खरिद तथा स्वर्ण स्तम्भ निर्माणलगायत पूर्वाधार निर्माणका कामहरु सम्पन्न गरिएको थियो।

महोत्सवअन्तर्गत् पुस २४ र २५ गते सञ्चालन गरिएको दुईदिने आँखा शिविरमा ९ सय ४८ विद्यार्थी तथा शिक्षकको परीक्षण गरिएको थियो। जसमध्ये ५३ जनामा समस्या देखिएको विद्यालयले जनाएको छ। पुस २८ गते सम्पन्न दन्त शिविरमा ४ सय ५० विद्यार्थीको दाँत परीक्षण गर्दा १ सय ४६ जनामा समस्या फेला परेको जानकारी दिइयो। माघ ४ गते आयोजित उद्घाटन कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता तथा सामाजिक विकास मन्त्री कञ्चनचन्द्र वादेको विशिष्ट आतिथ्यता थियो। कार्यक्रममा पूर्वविद्यालय व्यवस्थापन समिति अध्यक्ष, पूर्वशिक्षक, कर्मचारी तथा पूर्वविद्यार्थीलाई सम्मान गरिएको थियो।

हेटौंडा-२ वडा कार्यालयको आर्थिक सहयोगमा माघ ६ गते विद्यार्थी बाल समूहद्वारा आयोजित अन्तर माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ रनिङ शिल्ड प्रतियोगितामा नगरभित्रका सामुदायिक तथा संस्थागत् विद्यालयहरुको सहभागिता थियो। प्रतियोगितामा प्रथम हुने समूहलाई ५० हजार, द्वितीयलाई २५ हजार, तृतीयलाई १५ हजार तथा सान्त्वना पुरस्कारस्वरुप ५ हजार रुपियाँ प्रदान गरिएको विद्यालयले जनाएको छ। माघ ८ गते सम्पन्न समापन कार्यक्रममा मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता थियो। कार्यक्रममा विद्यालयमा २० वर्षभन्दा बढी समय सेवा गरेका शिक्षक तथा कर्मचारीलाई दीर्घसेवा सम्मानपत्रद्वारा सम्मान गरिएको विद्यालयले जनाएको छ। महोत्सव आफ्नो नेतृत्वमा भव्यरुपमा सम्पन्न भएको हेटौंडा-२ का अध्यक्ष महर्जनले बताए।

संघीय सरकारबाट छनौटमा परेको बागमती प्रदेशका २ ठूला विद्यालयमध्ये एक सिद्धार्थ मावि २०३२ माघ ८ गते तत्कालीन सिद्धार्थ निम्न माध्यमिक विद्यालयका रुपमा स्थापना भएको थियो।

# नयाँ आवमा नयाँ भवन



सन्देश संवाददाता

हेटौंडा/मनहरी गाउँपालिकाले नयाँ आर्थिक वर्षमा नयाँ भवन पाउने पक्का भएको छ। मनहरी गाउँपालिका वडा-९ स्थित रजैयाको वन क्षेत्रमा नयाँ भवन निर्माणाधीन छ।

कुनै अबरोध र असामान्य परिस्थिति नआएमा आगामी नयाँ आर्थिक वर्ष २०८३/०८४ मा पालिकाको सबै कार्य नयाँ भवनबाट सम्पादन हुने प्रमुख प्रशासकीय अधिकृत रमेश सुबेदीले बताए। गाउँपालिकाले मन्त्रिपरिषद्बाट पारित गरी हरियाली सामुदायिक वनक्षेत्रमा पर्ने जग्गा प्राप्त गरी भवन निर्माणको अनुमति पाएको छ। अघिल्लो स्थानीय तहको नेतृत्वमा नै उक्त भवन निर्माणका लागि डीपीआर निर्माण गर्ने र जग्गाप्राप्ति गर्ने प्रक्रिया अघि बढेको थियो।

तर, २०७९ मा स्थानीय सरकारमा नयाँ नेतृत्व प्राप्त भएसँगै संघीय सरकारमा समेत दबाब सिर्जना गरी जग्गाप्राप्ति प्रक्रिया पूरा भएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बताए। 'जग्गाप्राप्तिका लागि निकै संघर्ष गर्‍यौं। जग्गा पाउनासाथ व्यवस्थित भवन निर्माण कामलाई द्रुतगतिमा अघि बढायौं,' अध्यक्ष कालाखेतीले भने। उनका अनुसार तामाकोशी ढांचा जेभीले भवन निर्माणको काम गरिरहेको छ। तीन तलाको भवनमा सभाहलसहित साना अन्य हलहरु समेत निर्माण गरि - एका छन्। पूर्वपश्चिम राजमार्गसँगै जोडिएको जंगल क्षेत्रमा भवन निर्माण भइरहेको हो। भवन निर्माणका लागि निर्माण कम्पनीले ८ करोड २८ लाखमा ठेक्का सकार गरी सम्झौता गरेको हो। चैत महिनामा निर्माण सम्पन्न गर्नुपर्नेमा निर्माण कम्पनीले म्याद थप गरी असार मसान्तसम्म समय अवधि थप गरेको थियो। सोहीबमोजिम आगामी असार तेस्रो सातासम्म भवन सम्पन्न गरी हस्तान्तरण हुने गरी काम अघि बढेको पालिका प्राविधिक प्रमुख टुकराज चौधरीले बताए।

हाल गाउँपालिकाले मनहरी गाउँपालिका-९ स्थित व्यक्तिको घर भाडामा लिएर २०७४ सालदेखि कार्यालय सञ्चालन गरिरहेको छ। वडा-३ मा पालिकाको लगानीमा बनेको सभाहल, समावेशी भवन र सेफहाउसलाई समेत कार्यालय र आवास मानेर कार्यसम्पादन हुँदै आएको छ।

भवन निर्माण सम्पन्न भएर एकै ठाउँबाट सेवाप्रवाह हुने बित्तिकै सेवाग्राहीले हालको जस्तो दोहोरो कार्यालय धाउनुपर्ने समस्याबाट मुक्ति पाउने प्रशासन शाखा प्रमुख अञ्जना सुबेदीले बताइन्। तत्कालीन मनहरी गाउँ विकास समिति र हाँडीखोला गाउँ विकास समिति मिलेर बनेको मनहरी गाउँपालिकाको केन्द्र वडा-९ मा राख्ने र नाम मनहरी राख्ने तत्कालीन पहिलो पालिकाको प्रशासनिक भवन वडा-९ मा राख्ने निर्णय २०७४ मा गरेको थियो।






**उखान:** तेल–पानी एकै ठाउँ, पिना डाडु बाहिर।

॥ ॥ बेलाको बोली ॥ ॥

सहनु तर नबिर्सनु।

*- लक्ष्मण न्यौपाने*

## सम्पादकीय

# किसानको समस्या कहिले सुन्ने ?

*मकवानपुरको उत्तरी क्षेत्रमा प्रख्यात आलुखेती किसानहरू टाउकोमा हात राखेर बस्न थालेका छन् । समयअगावै आलु खन्न र आलुको उतित मुल्य पाउन नसकेपछि उनीहरू चिन्तित देखिएका हुन् । उनीहरूले सस्तोमै आलु बेच्नु परेपछि आफ्नो लगानी नै नउठ्ने गरी घाटामा आलु बेच्नु परेपछि चिन्तामा डुबेका हुन् । थाहा नगर पालिकाको दामन, पालुङ, बज्रबाराही र चित्लाङका कृषक यतिबेला धमाधम आलु खन्न व्यस्त छन् । उत्पादित आलुको मूल्य अत्यन्त न्यून भएको उनीहरूको गुनासो छ । व्यापारीले खेतमै गएर कृषकबाट अहिले सेतो आलु प्रति केजी १० र रातो प्रतिकेजी १२ रूपैयाँमा खरिद गरिरहेका छन् ।*

*गत वर्ष खेतबाटै सेतो प्रतिकेजी २० र रातो २५ रूपैयाँमा बिक्री गरेका उनीहरू यस सिजनमा अन्यौलमा परेका छन् । गत वर्षको आलुको उत्पादन पनि राम्रो थियो, भाउ पनि सुहाउँदो थियो, अहिले उत्पादन पनि घटेको छ, भाउ पनि छैन,' उनीहरू दुःखेसो गर्छन्, बोट नै मरिसक्यो आलु खन्न परिहाल्यो, सुरक्षित भण्डारण गर्ने ठाँउ छैन, सस्तोमै भए पनि बिक्री गर्न बाध्य भएका छौं । हाम्रो यो समस्या कसले सुनिदिने ? उनीहरूको प्रश्न छ । वैशाखमा नियमितजसो पानी पर्दा डढुवा रोगले छिटै बोट मरेकाले आलुका दाना बढ्न नपाएको थाहा नगरपालिका कृषि शाखाकी प्रमुख बालकुमारी भट्टराईले बताइन् । यही रोगकै कारणले यसपाली दाना पनि सानो आकारका फलेको उनले खुलासा गरिन् । प्रदेश सरकारले बिगतका बर्षमा कोल्डस्टोर निर्माण गरेता पनि किसानलाई आवश्यकता भएको समयमा कोल्ड स्टोरमा उत्पादित सामान राख्न नपाएपछि त्यसको के काम ?*

*उनीहरूले गुनासो गरेका छन् । १२ वडामा विभाजित थाहा नगर पालिकाका बासिन्दाको मुख्य आम्दानीको स्रोत तरकारी खेती नै हो । सबैभन्दा बढी आम्दानीको हिस्सा ओगट्ने आलुको उत्पादन र मूल्यमा गिरावट आउँदा स्थानीयको आम्दानी नै प्रभावित हुने गर्छ । थाहाको ६ हजार 3 सय रोपनी जग्गामा आलु खेती गरिन्छ । गत वर्ष झण्डै ७ हजार टन आलु उत्पादन भएको थियो । थाहा नगरपालिकाको आलु नेपाललगायत भारतमासमेत प्रख्याती कमाएको छ । भारतीय धनाढ्यहरूले यहांको आलु निकै स्वादिलो भएकोले मन पराउछन् । किसानका यस्ता समस्यामा तीन तहको सरकारले गम्भीर भएर सोच्ने कि ?*

## मकवानपुरमा आज

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | व्यवसायका लागि सम्भावना खोजी गर्ने समय छ। तर, मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न बाधा पर्नेछ। आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ | **बृष** | आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ। हातमा आएको रकम तत्काल खर्चनु पर्नेछ। |
| **मिथुन** | समय लागे पनि मिहिनेतले काम बन्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ। | **कर्कट** | अरूलाई दिएको वचन पुर्याउन नसक्ता आलोचित बन्नुपर्ला । परिस्थिति सबल नदेखिए पनि मिहिनेतले आशा जगाउनेछ। |
| **सिंह** | आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए नहुन सक्छ । पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ। | **कन्या** | परिस्थिति अनुकूल देखिए पनि नजिकका व्यक्तिबाट आँटेको काममा बाधा पुग्नेछ। शुभचिन्तकहरूले गलत कदम उठाउनबाट जोगाउने चेष्टा गर्न सक्छन् |
| **तुला** | साथीभाइसँग पनि असमझदारी बढ्ने देखिन्छ । काममा अरूको भरमा दोहोऱ्याउनु पर्ला। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। | **बृश्चिक** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । परिबन्धले चुनौती निम्त्याउन सक्छ। |
| **धनु** | मिहिनेतले उपलब्धि हातपार्न सकिनेछ । साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला। विभिन्न अवसरले सफलताको यश पनि दिलाउन सक्छ | **मकर** | शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि कर्मसञ्चय गर्ने समय छ। सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ। |
| **कुम्भ** | भौतिक साधन जुट्नाले दिगो योजना अघि बढ्नेछ। कामले प्रतिष्ठा बने पनि आफ्नै सहयोगीहरू काममा बाधक बन्न सक्ने योग देखिन्छ। | **मिन** | ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । अरूका स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# कुखुरा उद्योगले सामना गर्ने चुनौतीहरु



✍डा. केदार कार्की

विश्वभर जनसंख्या वृद्धिका कारण विश्वव्यापीरुपमा खाद्यान्न र दानाको माग बढेको छ। यो बढ्दो माग पूरा गर्न कृषि, पशुपालन र कुखुरा पालनमा हालका वर्षहरुमा उल्लेखनीय वृद्धि भएको छ। राम्रो खाना र पोषणको बढ्दो माग पूरा गर्न कुखुरा र अण्डाको खपत पनि बढेको छ। जसले स्वरोजगार र उद्यमशीलताको अवसरहरु खोल्दैछ । कुखुरापालन कम लगानी र उच्च प्रतिफलको साथ एक लाभदायक व्यवसाय हो। आधुनिक कुखुरापालन उद्योगलाई कम पुँजी, उच्च उत्पादन दर र उच्चतम गुणस्तर चाहिन्छ। यसमा व्यावसायिक कुखुरापालन र घरपछाडि कुखुरापालन समावेश छ । ग्रामीण घरका धेरै महिलाहरु सक्रियरुपमा घरपछाडि कुखुरापालनमा संलग्न छन्, तर यो धेरै चुनौतीहरु र जोखिमहरुसँग आउँछ । सन्तुलित खुवाउने उचित ज्ञानको अभावसँगै प्रोटिन र पोषण आवश्यकताहरु सक्रियरुपमा पूरा नगर्ने कारणले गर्दा धेरै अवस्थामा अपेक्षित परिणामहरु प्राप्त हुँदैनन् ।

सरकारले देशमा कुखुरापालन बढाउने प्रयास गरिरहेको बेला कुखुरापालनको लागत पनि निरन्तर बढिरहेको छ। यही कारणले गर्दा यसवर्ष अण्डाको मूल्य निरन्तर बढिरहेको छ, तर कुखुरा पालकहरुले कुनै नाफा कमाइरहेका छैनन्। कुखुरा पालन उद्योगमा बढ्दो लागतले नाफा घटाएको छ । पछिल्ला दिनमा ब्रोइलर कुखुराको मूल्य दोब्बर भएको छ र तयारी दानाको मूल्य २० देखि ३० प्रतिशतले बढेको छ। फलस्वरुप, कुल लागत पनि २५ देखि ३० प्रतिशतले बढेको छ । यसले ठूला व्यवसायीहरुलाई नभई साना व्यवसायीहरुलाई घाटा छ । बढ्दो मुद्रास्फीतिका कारण निजी कुखुरापालकहरु (सरकारी सहयोगबिना) टाट पल्टिने संघारमा छन्। चल्लाको मूल्य गत वर्षको तुलनामा दोब्बर भएको छ ।

कुखुरा उद्योगले विश्वव्यापी खाद्य प्रणालीमा महत्वपूर्ण भूमिका खेल्छ। हाल यसले विश्वव्यापी मासु खपतको ४० प्रतिशतभन्दा बढी ओगटेको छ र विश्वव्यापीरुपमा १ करोड २० लाखभन्दा बढी मानिसहरुलाई रोजगारी दिन्छ। यो उद्योग द्रुतगतिमा बढिरहेको छ र २०२३ मा ३६०.५ अर्ब डलरबाट २०२८ सम्ममा ४९४.५५ अर्ब डलर पुग्ने अपेक्षा छ । यद्यपि, उद्योगले यसको निरन्तर वृद्धि र दिगोपनमा बाधा पुऱ्याउन सक्ने महत्वपूर्ण चुनौतीहरुको सामना गरिरहेको छ । रोगहरुको फैलावट, बढ्दो दाना लागत, अन्य प्रोटिनको माग, वातावरणीय चिन्ता र श्रम अभाव सबै प्रमुख मुद्दाहरु हुन्, जसलाई सम्बोधन गर्न आवश्यक छ। त्यसकारण, यसको निरन्तर वृद्धि सुनिश्चित गर्न उद्योगले यी चुनौतीहरुसँग अनुकूलन गर्नुपर्छ ।

एभियन इन्फ्लुएन्जाजस्ता रोगको प्रकोपले कुखुरा उत्पादनका लागि निरन्तर खतरा निम्त्याउँछ । यी प्रकोपहरुले महत्वपूर्ण आर्थिक क्षति निम्त्याउन सक्छ, संक्रमित बथानहरुलाई मार्न सक्छ, व्यापार रोक्छ र उपभोक्ता माग घटाउन सक्छ। हालैका अत्यधिक संक्रामक प्रकोपहरुले कुखुरा उद्योगलाई गम्भीररुपमा असर पारेको छ, जसले गर्दा विश्वभर लाखौं चराहरु मारिएका छन् ।

कुखुरापालकहरुले सामना गर्ने अर्को चुनौती भनेको चराहरुमा ब्याक्टेरिया र भाइरल रोगहरुको फैलावट हो । प्रमुख रोग प्रकोपहरुमा एभियन इन्फ्लुएन्जा, फाउल हैजा, फाउल पोक्स, ई. कोलाई संक्रमण, र अन्य समावेश छन्। यसले कुखुरा पालकहरुलाई उल्लेखनीय क्षति पुऱ्याउँछ, किनकि संक्रमणले ठूलो संख्यामा चराहरुको मृत्यु हुन्छ। रोगहरुको फैलावट रोक्नका लागि, उचित र कुशल स्वास्थ्यसेवा दिनचर्या पालना गर्नुपर्छ। चराहरुका लागि धेरै खोप कार्यक्रमहरु उपलब्ध छन्, तर तिनीहरु अझै पनि धेरै किसानहरुका लागि उपलब्ध छैनन्। रोगहरु प्रतिरक्षा सुनिश्चित गर्न तिनीहरुलाई उच्च गुणस्तरको, पोषक तत्वले भरिपूर्ण दाना प्रदान गर्नु महत्वपूर्ण छ ।

पोल्ट्री फार्महरुले अनेकन रोग प्रकोपको प्रभावलाई बढाएको छ, किनकि कम फार्महरुमा ठूला बथानहरु हुन्छन् । बथानको आकार र घनत्वमा भएको यो वृद्धिले रोग फैलिने र उल्लेखनीय क्षतिको सम्भावना बढाउँछ । यस बाहेक, एभियन इन्फ्लुएन्जाबारे उपभोक्ताहरुको डरले कुखुराको खपत र व्यापारमा उल्लेखनीय रुपमा प्रभाव पार्न सक्छ, प्रकोपबाट प्रत्यक्षरुपमा प्रभावित नभएका देशहरुमा पनि ।

यस खतरासँग लड्न, कुखुरापालन गर्ने किसानहरु र एकीकृतकर्ताहरुले कडा जैविक सुरक्षा उपायहरु लागू गर्ने, खोप कार्यक्रमहरु स्थापना गर्ने, र प्रारम्भिक कारण पत्ता लगाउने र प्रतिक्रिया प्रणालीहरु निर्माण गर्नेजस्ता विभिन्न रोग, रोकथामका उपायहरुमा सक्रियरुपमा संलग्न छन् । स्वचालन र कृत्रिम बुद्धिमत्तामा भएको प्रगतिले यो धेरै सजिलो बनाएको छ जसले रोग निगरानी, विश्लेषण र प्रतिक्रिया दुवैलाई प्रभावकारी बनाउँछ ।

***वातावरणीय प्रभाव र दिगोपना :***

यद्यपि, कुखुरा उद्योगको कार्बन उत्सर्जन गाईको मासु, सुँगुरको मासु, वा भेडा/मटनको भन्दा कम छ, यसले अझै पनि यसको वातावरणीय प्रभाव कम गर्ने चुनौतीको सामना गर्दैछ। औसत कुखुरा कार्बन फुटप्रिन्ट प्रतिकिलोग्राम मासु लगभग ६.० किलोग्राम कार्बन डाइअक्साइडबराबर छ । यद्यपि, कुखुरालाई अझै पनि अन्य मासुको तुलनामा वातावरणमैत्री विकल्प मानिन्छ, खेती गरिएको मासुको परिचयले प्रतिकूल प्रभाव पार्न सक्दछ ।

यसको कार्बन फुटप्रिन्टको अतिरिक्त कुखुरापालनले अनुचित फोहोर व्यवस्थापन, पोषक तत्वको बहाव, र रोगजनक परिचयमार्फत् पानी प्रदूषणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। कुखुरा फार्मबाट निस्कने फोहोरमा प्रायः नाइट्रेट, ब्याक्टेरिया, भाइरस र जैविक पदार्थजस्ता हानिकारक पदार्थहरु हुन्छन्। यो बहावले नदी र खोलाहरुलाई प्रदूषित गर्न सक्छ, जसले पानीको गुणस्तर घटाउँछ ।

कुखुरा उद्योग सरोकारवालाहरुमाझ एउटा प्रमुख चिन्ताको विषय रहेको छ, जुन यस क्षेत्रमा विशेषगरी विकासशील क्षेत्रहरुमा बलियो नियामक निरीक्षणको अभावका रुपमा छ। यो निरीक्षणको अभावले गलत फार्महरुलाई उचित प्रशोधनबिना नै फोहोरलाई जलमार्गहरुमा छोड्न अनुमति दिन्छ, जसले गर्दा जनस्वास्थ्य संकट र वातावरणीय ह्रासको जोखिम बढ्छ ।

कुखुरा उत्पादनले अनजानमा वन फँडानी पनि निम्त्याउन सक्छ । कुखुरापालनले वन फँडानीमा प्रत्यक्षरुपमा योगदान नगरे पनि भटमासको खेती वन फँडानी र बासस्थानको क्षतिको प्रमुख कारण हो । कुखुरापालन उद्योग पशु आहाराका लागि भटमासमा धेरै निर्भर हुने भएकाले यसले अप्रत्यक्षरुपमा यो वातावरणीय ह्रासलाई योगदान पुऱ्याउँछ । बेलायतमा मात्र कुखुराको आहाराका लागि प्रत्येक वर्ष दक्षिण अमेरिका बाट ३० लाख टन बढी सोया आयात गरिन्छ।

यस्तो मागले सोया खेती गर्न अमेजन, ग्रान चाको र सेराडोजस्ता क्षेत्रहरुमा वन र सवाना का ठूला क्षेत्रहरु सफा गरिरहेको छ। विश्वव्यापी सोया आपूर्ति श्रृंखलामा पारदर्शिताको अभाव, साथै दिगोपन मापदण्डहरुको कमजोर कार्यान्वयनले गर्दा यो समस्या बढेको छ, जसले गर्दा धेरै कुखुरा उत्पादकहरु, प्रशोधकहरु र एकीकृतकर्ताहरुले आफ्नो दाना वन फँडानी क्षेत्रहरुबाट प्राप्त भएको हो भनेर प्रमाणित गर्न असमर्थ छन्।

यी चुनौतीहरुलाई सम्बोधन गर्दै मद्दत गर्न धेरै कुखुरा उत्पादकहरुले वातावरणीय पहलहरु लागू गरिरहेका छन्, जसले उनीहरुको कार्बन फुटप्रिन्ट घटाउँछन् र उनीहरुको वातावरणीय व्यवस्थापन सुधार गर्छन् । यी पहलहरुमा सामान्यतया फोहोर व्यवस्थापन सुधार गर्ने र उत्सर्जन घटाउने समावेश छ । कम्पोस्टिङ र एनारोबिक पाचन विशेषगरी प्रभावकारी साबित भएका छन्। कुखुराको फोहोर घटाउँदै मूल्यवान् उप-उत्पादनहरु जस्तैः मल र बायोग्यास पनि उत्पादन गर्छन् ।

कुखुरापालन गर्ने किसान र एकीकृतकर्ताहरुले पनि पानी प्रणाली र उपकरणहरुलाई अनुकूलन गरेर पानी संरक्षण गर्ने प्रयास गरेका छन्। निप्पल वाटरर, वर्षा पानी संकलन, फोहोर पानी पुनर्चक्रण, खैरो पानी प्रशोधन, र बायोफिल्ट्रेसन पानी दक्षता बढाउन र फोहोर कम गर्न अपनाइएका प्रविधिहरु हुन् ।

यो पनि ध्यान दिन लायक छ कि पारदर्शिता एक दबाबपूर्ण मुद्दा बनेको छ, आपूर्ति श्रृंखलामा संलग्न व्यक्तिहरुका लागि थप समाधानहरु उपलब्ध हुँदै गइरहेका छन्। उदाहरणका लागि उपग्रह अनुगमन प्रणाली, आपूर्ति श्रृखला प्रमाणीकरण प्लेटफर्महरु, र ब्लकचेन प्रविधिले कुखुरा उत्पादकहरुलाई उनीहरुको दाना आपूर्तिको उत्पत्ति पत्ता लगाउन मद्दत गर्न सक्छ।

*बढ्दो दाना लागत :*

कुखुरा उत्पादन लागतको एक महत्वपूर्ण भाग दाना लागतको हिस्सा हो, जुन सामान्यतया कुल लागतको ६५-७५ प्रतिशत हो। कुखुरापालन उद्योगमा सबैभन्दा ठूलो चुनौती भनेको दानाको उच्च मूल्य हो। राम्रो गुणस्तरको दाना आवश्यक छ, किनकि यसले चराहरुको स्वास्थ्य र वृद्धिदर निर्धारण गर्दछ । उनीहरुलाई प्रोटिन, भिटामिन र अन्य खनिजहरुले भरिपूर्ण सन्तुलित आहार चाहिन्छ । यसबाहेक, अण्डा र मासुको गुणस्तर उनीहरुले खाने दानामा निर्भर गर्दछ । हाल, कुखुरापालकहरुले सबैभन्दा बढी प्रयोग गर्ने दाना भटमास र मकै हुन्। परम्परागत दानाको उच्च मूल्य र बजारमा यसको अभावले चराहरुमा कुपोषण निम्त्याउँछ ।

मकै र भटमासजस्ता परम्परागत दाना सामग्रीको बढ्दो लागतले कुखुरा उत्पादकहरुमा उल्लेखनीय दबाब सिर्जना गरेको छ । उदाहरणका लागि बिगत पाँच महिनामा मकैको मूल्य ३० प्रतिशतभन्दा बढीले बढेको छ। यसले कुखुरा उद्योगमा उल्लेखनीय प्रभाव पारेको छ, विशेषगरी बजार उतारचढावबाट साना र मध्यम आकारका उद्यमहरु प्रभावित भएका छन्, जसले गर्दा धेरै कुखुरा उत्पादकहरुले उत्पादन घटाउन वा पूर्णरुपमा सञ्चालन बन्द गर्न बाध्य भएका छन्। यो नयाँ थप चुनौतीपूर्ण वातावरणमा दाना लागत घटाउन प्रभावकारी रणनीतिहरु लागू गर्नु व्यवसायको अस्तित्वका लागि महत्वपूर्ण भएको छ । यी रणनीतिहरु सामान्यतया दाना दक्षता सुधार गर्ने, फोहोर घटाउने, र इष्टतम पोषण कायम राख्दै वैकल्पिक दाना सामग्रीहरु खोज्ने र बढेको उत्पादन समय वा बिग्रिएको दाना रुपान्तरण अनुपातबाट बच्न केन्द्रित छन्।

***श्रम अभाव र कार्यबल चुनौतीहरु :***

कुखुरा उद्योगले प्रशोधन प्लान्ट र फार्म दुवैमा बढ्दो श्रम अभावको सामना गरिरहेको छ। यो अभाव बुढ्यौली कार्यबल, कामको शारीरिक रुपमा माग गर्ने प्रकृति, र अन्य क्षेत्रहरुबाट प्रतिस्पर्धा जस्ता कारकहरुद्वारा प्रेरित छ । कुखुरा प्रशोधन उद्योगले पनि खतरनाक कारोबार दरको सामना गरिरहेको छ, लगभग ५८ प्रतिशत कामदारहरु ९० दिनभित्रै काम छोड्छन् र २८ प्रतिशत कामदारहरु ९० देखि १८० दिनको बीचमा काम छोड्छन्। कर्मचारी राख्न असफल हुँदा कारोबार दर अझ बढ्छ, जसले गर्दा विद्यमान कार्यबललाई थप तनाव हुन्छ र उत्पादकत्वमा असर पर्छ । श्रम अभावले खुवाउने, स्वास्थ्य अनुगमन र रोग रोकथामजस्ता आवश्यक कार्यहरुका लागि कर्मचारी आवश्यकताहरु घटाएर पशु कल्याणलाई पनि खतरामा पार्न सक्छ।

यी चुनौतीहरुलाई कम गर्न कुखुरा उत्पादकहरुले दक्ष कामदारहरुलाई आकर्षित गर्ने र कायम राख्ने क्षमतामा सुधार गर्न आवश्यक छ। यो थप प्रतिस्पर्धी तलब र सुविधाहरु, साथै राम्रो काम गर्ने अवस्थाहरु प्रदान गरेर प्राप्त गर्न सकिन्छ। स्वचालन र अन्य प्रविधिहरु लागू गर्नाले म्यानुअल श्रममा संस्थाको निर्भरता घटाउन र नयाँ, कम शारीरिकरुपमा माग गर्ने भूमिकाहरु सिर्जना गर्न पनि सक्छ । तालिम र विकास कार्यक्रमहरुमा लगानी गर्नु पनि लाभदायक साबित हुन सक्छ, उत्पादकता बढाउन र पशु कल्याणको उच्च मापदण्ड कायम राख्न मद्दत गर्न सक्छ ।

*मुक्त-दायरा खाद्य र वैकल्पिक प्रोटिनको बढ्दो माग :*

उपभोक्ता प्राथमिकताहरु परिवर्तन हुँदैछन्, जनसंख्याको बढ्दो खण्डले मुक्त-दायरा, जैविक र दिगोरुपमा उत्पादित कुखुरा उत्पादनहरु खोजिरहेको छ। मासु खानेहरुको बढ्दो भागले आफ्नो आहारमा अन्य, वनस्पतिमा आधारित प्रोटिन विकल्पहरु समावेश गरिरहेको छ भन्ने कुरा बुझ्नु पनि महत्वपूर्ण छ । फ्री-रेन्ज र अन्य प्रोटिन बजारहरु द्रुतगतिमा बढिरहेका छन्, र उपभोक्ता मागमा यो परिवर्तनले कुखुरा उद्योगको लागि चुनौती र अवसर दुवै प्रस्तुत गर्दछ । यद्यपि, विश्वव्यापी जैविक कुखुरा बजारले हाल कुल कुखुरा बजारको १ प्रतिशतभन्दा कम प्रतिनिधित्व गर्दछ, यो २०२४ देखि २०३० सम्म १३.८ प्रतिशत चक्रवृद्धि वार्षिक वृद्धिदरमा बढ्ने अनुमान गरिएको छ, जुन समग्र कुखुरा बजारको गतिभन्दा दोब्बर हो । परम्परागत कुखुरापालन विधिहरुमा कडा नियमहरुले यो प्रवृत्तिलाई तीव्र पार्न सक्छ, र धेरै ठूला कुखुरा उत्पादकहरुले आफ्नो जैविक उत्पादन लाइनहरु विस्तार गरेर र साना जैविक फार्महरु खरिद गरेर प्रतिक्रिया दिइरहेका छन्।

**लचिलोपन निर्माण :**

कुखुरापालन उद्योग चौबाटोमा छ र अगाडिका चुनौतीहरु पूरा गर्न नयाँ र दिगो रणनीतिहरु अपनाउन आवश्यक पर्नेछ ।

*साभार : चितवान पोष्ट*

# संसदीय संस्कारको संकल्प



✍भुवन न्यौपाने

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामध्ये व्यवस्थापिका संसद् राज्यको महत्वपूर्ण अङ्ग हो। प्रत्यक्षरूपमा जनता र सरकारसँग समन्वय र सहकार्य गर्ने भएकाले मुलुक रूपान्तरणमा संसद्को भूमिका महत्वपूर्ण हुन्छ । यी अंगलाई शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तबमोजिम स्वतन्त्र र अन्तरसम्बन्धित भएर कार्यसम्पादनको क्षेत्राधिकार प्रत्यायोजन गरिएको हुन्छ ।

जनताबाट निर्वाचित भएर जनताप्रति नै उत्तरदायी हुने हुँदा विधायिकाको भूमिका कानुन निर्माण मात्र नभई बहुआयामिक हुन्छ। मुलुकको शासनप्रणाली सुदृढ गराउन, संसदीय मर्यादा कायम राख्न र जनताको आवश्यकता सम्बोधन गर्ने विशिष्ट जिम्मेवारीका कारण संसद् र सांसद पदको विशिष्ट संस्कार अपेक्षा गरिएको हुन्छ । संसदीय अभ्यास लोकतन्त्रको आत्मा हो। त्यसको गरिमा संसद्ले राख्नुपर्छ । जहाँबाट विचार, असहमति र सहमतिको सन्तुलनमार्फत् राष्ट्रको दिशा तय गरिन्छ। जतिसुकै शक्तिशाली भए पनि संसद्प्रति सरकार सदैव उत्तरदायी रहनु पर्छ । सरकारले स्वेच्छाचारी भूमिका निर्वाह गर्न थाले संसद्को बहुमत संख्याले सरकारलाई अंकुश लगाउन सक्छ । सरकारले दिएका 'बिजिनेस' लाई संसद्ले समयमै सम्पादन गरिदिनु पर्छ । सुदृढ संसदीय संस्कार भन्नाले नियमको पालना मात्र होइन; जवाफदेहिता, पारदर्शिता, मर्यादित बहस, संस्थाप्रतिको सम्मान जस्ता मूल्यको समग्र अभ्यास भन्ने बुझिन्छ । विकसित लोकतान्त्रिक मुलुकले केही मूल्यलाई अभ्यासमार्फत् संस्थागत गरेका छन्। नेपाल जस्ता नवउदित लोकतान्त्रिक मुलुकले त्यसबाट महत्वपूर्ण पाठ सिक्न सक्छन्।

***अन्तर्राष्ट्रिय संसदीय अभ्यास :***

व्यवस्थित संसदीय अभ्यासको सुरुवात बेलायतबाट भएको मानिन्छ। बेलायतको संसदीय प्रणालीलाई 'वेस्टमिन्स्टर मोडेल' का रूपमा चिनिन्छ। 'हाउस अफ कमन्स' मा प्रधानमन्त्रीसँग हुने प्रश्नोत्तर जस्तो अभ्यासले कार्यपालिकालाई संसद्प्रति उत्तरदायी बनाउँछ । प्रधानमन्त्रीले नियमितरूपमा सांसदका प्रश्नको सामना गर्नु पर्छ; जसले पारदर्शिता र उत्तरदायित्वलाई मजबुत बनाउँछ । 'स्पिकर' को निष्पक्षता र बहसको अनुशासनले संसद्लाई प्रभावकारी बनाउने आधार तयार गर्छ । फ्रान्स र जर्मनीमा सहमतिमूलक राजनीति संसदीय संस्कारको मुख्य विशेषता हो । संसदीय समितिहरूले विधेयकहरूमा गहिरो अध्ययन र छलफल गर्छन्; जसले कानुन निर्माणलाई गुणस्तरीय र दीर्घकालीन बनाउँछ । क्यानडामा संसदीय समितिहरूले मन्त्रीलाई बोलाएर जवाफ माग्छन्। 'इथिक कमिस्नर' जस्ता स्वतन्त्र निकायले सांसदहरूको कार्यसम्पादन र आचरणको निगरानी गर्छन् । जसले राजनीतिक नैतिकता संस्थागत र संसदीय जनविश्वासलाई कायम राखेको छ। जापानको नेसनल डाइटमा बहस अनुशासित र तथ्यमा आधारित हुन्छ । सांसदहरूले व्यक्तिगत आरोपप्रत्यारोपभन्दा विषयवस्तुमा केन्द्रित भएर विचार राख्ने परम्परा विकसित गरेका छन्। यसले निर्णय प्रक्रियालाई प्रभावकारी र मर्यादित बनाएको छ। न्युजिल्याण्डमा समावेशिता र प्रतिनिधित्वलाई सुदृढ संसदीय संस्कारका रूपमा सुनिश्चित गरिएको छ। यसले संसद्लाई केवल शक्तिको केन्द्र नभई विविध आवाजहरूको साझा मञ्च बनाएको छ ।

लोकतन्त्र र संसदीय अभ्यासको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारतमा सत्तापक्षको स्वेच्छाचारीका कारण प्रतिपक्षप्रति कठोर देखिन्छ । बंगलादेश र पाकिस्तानमा सरकार र संसद्भन्दा सैन्यशक्ति बलियो भएका कारण संसद्को प्रभावकारिता कमजोर छ । श्रीलङ्कामा पनि राजनीतिक अस्थिरताका कारण संसद् सत्ताको षड्यन्त्रमा फसेको छ । तुलनात्मक रूपमा भुटानको संसदीय अभ्यास सन्तुलित र प्रभावकारी देखिन्छ । विश्वका कतिपय मुलुकमा पछिल्लो समय संसद्भित्रै हातपात र तोडफोड भएका घटनासमेत छन्। दक्षिण एसियामा संसद्भन्दा सरकार बलियो भएका कारण संसद् निष्प्रभावी भएको हो कि भन्ने भान भएको छ ।

**नेपालमा संसदीय अभ्यास**

नेपालको राजनीतिक इतिहासमा संसदीय अभ्यास लोकतान्त्रिक यात्राको मेरुदण्डका रूपमा रहँदै आएको छ । शासनव्यवस्थाको रूपान्तरणसँगै संसद् केवल कानुन निर्माण गर्ने थलो मात्र नभई जनताको आवाज प्रतिनिधित्व गर्ने, सरकारलाई उत्तरदायी बनाउने र राष्ट्रिय सहमतिको आधार तयार गर्ने प्रमुख संस्था बनेको छ । संसदीय संस्कारमार्फत संसद्भित्र र बाहिर देखाइने अनुशासन, सहमतिको प्रयास, मध्यमार्गी उपाय, बहसको गुणस्तर र लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धतामा निरन्तर विकास भएको पाइन्छ । नेपालको संसद्ले राजनीतिक उचारचढावको निर्मम सामना गर्नु परेको इतिहासदेखि वर्तमानसम्मका घटनाक्रमले नै देखाउँछ ।

नेपालमा संसदीय अभ्यासको सुरुवात प्रजातन्त्र स्थापनापछि २००७ सालबाट भएको मानिन्छ । त्यसपछि २०१५ सालको संविधानले संसदीय प्रणालीलाई औपचारिकता दियो । राजा महेन्द्रद्वारा २०१७ सालमा संसद् विघटनपछि यो अभ्यास अवरुद्ध भई पञ्चायती व्यवस्थामा प्रवेश भयो; जहाँ दलविहीन शासनले संसदीय मूल्यलाई कमजोर बनायो। २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्र पुनर्स्थापित भयो। संसद्ले फेरि सक्रिय भूमिका खेल्न थाल्यो । त्यसपछि २०६२/६३ को जनआन्दोलनले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गऱ्यो; जसले संसदीय अभ्यासलाई नयाँ उचाइमा पुऱ्यायो । बहुदलीय व्यवस्थादेखि हालसम्म पाँच पटक संसद् पूरा कार्यकाल नपुग्दै विघटन हुनु परेको छ ।

*साभार : गोरखापत्र*

# हुकुमबासीको मस्तीभित्र, सुकुम्बासीलाई सास्ती




सार्वजनिक जग्गा अतिक्रमणको नाममा राज्यले घरबारबिहीन नागरिकको आँगनमा डोजर चलाएर आफ्नो शक्ति प्रदर्शन गर्नु दुःखद विषय हो।

नेपालमा सुकुम्वासी समस्या निकै गहिरो र चिन्ताजनक छ । यद्यपि, यो केवल संरचना हटाउने काम होइन, राज्य र नागरिकबीचको सम्बन्ध कस्तो बन्दैछ ? भन्ने प्रश्नको जीवित उदाहरण हो। जब राज्यले आफ्नो कानुनी अधिकार प्रयोग गर्दा मानवीय संवेदनशीलता गुमाउंछ, तब त्यो कानुनको शासनभन्दा पनि शक्ति प्रदर्शनको अभ्यासजस्तो देखिन थाल्छ।

उसो त लोकतान्त्रिक व्यवस्थामा राज्यको पहिलो कर्तव्य आफ्ना नागरिकलाई सुरक्षित बसोबासको सुनिश्चितता दिनु हो। जुन प्रक्रियाको थालनी भएजस्तो लाग्छ। नेपालमा जमिनको स्वामित्व र उपयोगको प्रश्न कहिल्यै पनि केवल कानुनी विषयमा सीमित रहेन । पञ्चायती शासनकाल देखि नै जमिन संधै शक्तिको पहुंच, वर्गीय प्रभाव र राज्यसत्तासंगको निकटता संग गांसिएको विषय बन्नेको छ।

हिजो सार्वजनिक प्रयोजन र संघ/संस्थाका नाममा हस्तान्तरण गरिएका जमिनहरू धेरैजसो अवस्थामा पारदर्शी थिएनन् । त्यहां बसोबास गर्दै आएका स्थानीय जनताको ऐतिहासिक हकलाई बेवास्ता गरियो, उनीहरूको आवाज दबाइयो र कमजोर कानुनी पहुंचका कारण उनीहरूले आफ्नो अधिकार जोगाउन सकेनन् ।

यसरी सुरु भएको अन्याय केवल इतिहासको एउटा अध्यायमा सीमित रहेन । यसको प्रभाव आजसम्म पनि समाजको गहिराइमा जीवित छ। खनजोत गरेर, जंगल फाँडेर, खोलानाला मिलाएर बसोबासयोग्य बनाइएको जमिनमा पुस्तौंदेखि बसोबास गर्दै आएका मानिसलाई कानुनी कागजको अभावमा गैरकानुनी भन्नु न्यायको संकुचित व्याख्या हो ।

स्वामित्वको प्रश्न केवल लालपुर्जा वा अभिलेखमा सीमित हुंदैन । त्यसमा श्रम, समय र सामाजिक मान्यता पनि जोडिएको हुन्छ, जसलाई राज्यले नजरअन्दाज गरिरहेको देखिन्छ । आजको सन्दर्भमा अतिक्रमण भन्ने शब्द आफैंमा विवादित देखिन्छ। राज्यले कागजका आधारमा जसलाई अवैध भन्छ, त्यो जमिनमा सयौं परिवार पुस्तौंदेखि बसोबास गरिरहेका हुन्छन् । उनीहरूले त्यहां आफ्नो श्रम, पसिना र जीवनका स्मृतिहरू गांसेका हुन्छन् । उनीहरूका लागि त्यो जमिन केवल भौतिक सम्पत्ति होइन, अस्तित्वको आधार हो। तर, राज्यको नजरमा लालपुर्जा नभएको कारण उनीहरू अवैध बासिन्दा बन्छन् ।

के कागजी स्वामित्व नै एकमात्र वैधताको आधार हो ? यदि त्यस्तो हो भने, इतिहास र सामाजिक यथार्थलाई कहां राख्ने ? अर्कोतर्फ, राज्यकै नजिक रहेका शक्तिशाली समूहहरूद्वारा गरिएका ठूलास्तरका अतिक्रमणहरू प्राय: कानुनी प्रक्रियाको आवरणमा सुरक्षित हुन्छन् । अर्बौं मूल्यका सार्वजनिक जमिनहरू निजी प्रयोगमा ल्याइएका उदाहरणहरू नयां होइनन् ।

**नक्कली सुकुम्वासीको आवरण ओढेर सार्वजनिक जग्गा कब्जा गर्ने, राज्यलाई नै चुनौती दिने र वास्तविक पीडितको अधिकारमाथि डाका हाल्ने प्रवृत्तिको अब अन्त्य हुनै पर्छ।**

ती संरचनाहरूलाई कहिले लिजको नाममा, कहिले नीतिगत निर्णयमार्फत् वैधता दिइन्छ। यसले स्पष्ट देखाउंछ कि कानुन सबैका लागि समानरूपमा लागू हुंदैन । बरु शक्ति, पहुंच र प्रभावका आधारमा त्यसको प्रयोग फरक-फरक हुन्छ। यही असमानता नै समाजको गहिरो असन्तोषको जड बनेको छ।

पछिल्लो समय शहरीकरणको तीव्रता र जमिनको बढ्दो मूल्यले यो समस्या झनै जटिल बनाएको छ । काठमाडौं जस्ता सहरहरूमा जमिन केवल बसोबासको साधन मात्र नभएर आर्थिक लाभको स्रोतमा रूपान्तरण भएको छ। यही कारणले शक्तिशाली वर्ग र संस्थाहरूको ध्यान सार्वजनिक वा विवादित जमिनतर्फ केन्द्रित भएको छ, जसको प्रत्यक्ष असर सुकुम्वासी र न्यून आय भएका समुदायहरूमा परेको छ।

सतहीरूपमा हेर्दा यो कानुन कार्यान्वयन र शहरी व्यवस्थापनको प्रयास जस्तो देखिए पनि, गहिरो विश्लेषण गर्दा यसले सामाजिक न्याय र मानवअधिकारका गम्भीर प्रश्नहरू उठाउंछ । किनकि कुनै व्यक्तिलाई उसको बसोबासबाट हटाउनु केवल घर भत्काउनु मात्र होइन, उसको जीवनयापन, रोजगारी र सामाजिक संरचनामाथिको प्रहार पनि हो।

यस्तो अवस्थामा राज्यले कानुनी दायराभन्दा माथि उठेर मानवीय दृष्टिकोण अपनाउनु आवश्यक हुन्छ। पुनर्वास, व्यवस्थित बसोबास र चरणबद्ध समाधानबिना गरिएको कुनै पनि कारबाही दीर्घकालीनरूपमा समस्याको समाधान होइन, बरु नयां संकटको सुरुवात हो। इतिहासले देखाइसकेको छ कि जब राज्यले एक वर्गलाई निरन्तर बेवास्ता गर्छ र अर्को वर्गलाई संरक्षण दिन्छ, तब समाजमा विद्रोहको आधार तयार हुन्छ । बिगतका आन्दोलनहरू यसका प्रमाण हुन्, जहाँ सामाजिक र आर्थिक असमानताले नै ठूलो राजनीतिक रूप लिएको थियो । यदि आज पनि राज्यले त्यही असन्तुलित अभ्यासलाई निरन्तरता दिन्छ भने, असन्तोष फेरि कुनै न कुनै रूपमा सतहमा आउनु अस्वाभाविक हुनेछैन ।

यदि, राज्य अभिभावक हो भने, उसले आफ्ना नागरिकलाई संरक्षण र सुरक्षित जीवन सुनिश्चित गर्नुपर्छ, न कि उनीहरूलाई घरविहीन बनाउने। आजको प्रवृत्तिले राज्यलाई अभिभावकभन्दा दमनकारी शक्तिको रूपमा प्रस्तुत गर्ने खतरा बढेको छ।

यदि जमिनसम्बन्धी समस्यालाई समाधान गर्ने नै हो भने केवल कानुनी प्रश्न नभई सामाजिक न्यायको मुद्दाका रूपमा स्वीकार गर्नुपर्छ । सार्वजनिक जमिनमा बसोबास गरिरहेका नागरिकहरूको यथार्थ तथ्याङ्क संकलन गरी उनीहरू लाई व्यवस्थित पुनर्वासको योजना बनाइनुपर्छ ।

सत्ताको आडमा वर्षौंदेखि सार्वजनिक जग्गामा मोजमस्ती गरिरहेका ठूला अतिक्रमणकर्ता माथि पनि समानरूपमा कानुन लागू गरिनु पर्छ । राज्यको वास्तविक शक्ति कमजोरमाथि कठोर भएर होइन, शक्तिशालीलाई पनि कानुनको दाय-रामा ल्याएर र कमजोरलाई संरक्षण दिएको देखिन्छ । यदि यो सन्तुलन कायम गर्न सकिएन भने नयाँ नेपालको सपना केवल नारामै सीमित रहनेछ। अझ भयावह कुरा त के हो भने, यही असन्तुलनले भविष्यमा फेरि अर्को असन्तोष र संघर्षको बीउ रोप्नेछ, परिणाम राज्यले धान्न गाह्रो पर्नेछ।

जमिनको प्रश्न केवल भौतिक स्रोतको वितरण मात्रै होइन, यो समाजको चरित्र निर्धारण गर्ने प्रश्न हो । आखिर हामी कस्तो समाज चाहन्छौं ? शक्तिशालीको हित सुरक्षित गर्न कमजोरलाई दबाउने वा सबै नागरिकलाई सम्मानजनक जीवनको अधिकार सुनिश्चित गर्ने ? यदि न्यायपूर्ण समाजको कल्पना गर्ने हो भने, वर्तमान नीतिहरूमा गम्भीर पुनर्विचार आवश्यक छ। विकासको वास्तविक अर्थ ठूला संरचना निर्माण मात्र होइन, सबैभन्दा कमजोर नागरिकको जीवनस्तर सुधार गर्नु हो। जबसम्म गरिब र सुकुम्वासी समुदायको अधिकार सुनिश्चित हुँदैन, तबसम्म कुनै पनि विकास पूर्ण र दिगो हुन सक्दैन ।

अत: सत्ता र शक्तिको आडमा वर्षौंदेखि हुर्किंदै आएको बिचौलिया प्रवृत्ति, भुमाफियाको जालो र योजनाबद्ध अतिक्रमणको कथा आज आएर केवल कानुनी विषय मात्र नभएर न्याय र अन्यायको स्पष्ट रेखा कोर्ने संवेदनशील राष्ट्रिय मुद्दा बनेको छ। नक्कली सुकुम्वासीको आवरण ओढेर सार्वजनिक जग्गा कब्जा गर्ने, राज्यलाई नै चुनौती दिने र वास्तविक पीडितको अधिकारमाथि डाका हाल्ने प्रवृत्तिको अब अन्त्य हुनै पर्छ । सत्ताको संरक्षणमा फस्टाएका यस्ता हुकुम्बासीहरूलाई कानुनको कठघरामा उभ्याउनु, उनीहरूको अवैध संरचना हटाउनु र गलत अभ्यासमाथि निर्मम प्रहार गर्नु आजको अनिवार्य आवश्यकता हो ।

त्यसैले नक्कलीको नाममा असलीलाई विस्थापित गर्ने होइन, बरु पहिचानको स्पष्टता, वर्गीकरणको पारदर्शिता र वितरणको न्यायपूर्ण प्रणालीमार्फत वास्तविक सुकुम्बासीलाई सम्मानसहित स्थायी समाधान दिनुपर्ने आजको आवश्यकता हो ।

साभार: दृष्टि अनलाईन

# परराष्ट्र मन्त्रालयले माग्यो माफी



काठमाडौं/इरानमा पक्राउ परेका नेपाली नागरिक अमृत झा अझै थुनामै रहेको पुष्टि भएको छ। यसअघि उनको रिहाइ भएको भन्दै आएको प्रारम्भिक जानकारी गलत साबित भएपछि परराष्ट्र मन्त्रालयले त्यसबारे स्पष्ट पार्दै माफीसमेत मागेको छ । परराष्ट्र मन्त्रालयले सोमबार सार्वजनिक गरेको विवरणअनुसार झा इरानको स्थानीय अदालतमा विचाराधीन मुद्धामा छन् र हालसम्म रिहा भएका छैनन्।

यसअघि १५ अप्रिलमा इरानका लागि नेपाली अनररी कन्सल साहराम सान्तिएले कतारस्थित नेपाली कार्यबाहक राजदुतलाई झा रिहा भएको जानकारी गराएका थिए । सोही सूचनाका आधारमा मन्त्रालयका सम्बन्धित निकायमार्फत् परराष्ट्रमन्त्री शिशिर खनाल र मन्त्रालयको उच्च नेतृत्वलाई जानकारी दिइएको थियो। उक्त प्रारम्भिक सूचनालाई आधार मानेर परराष्ट्र मन्त्रालयले समेत झा रिहा भएको भन्दै सार्वजनिक विज्ञप्ति जारी गरेको थियो भने परराष्ट्र मन्त्रीले सामाजिकसञ्जालमार्फत् पनि जानकारी दिएका थिए। तर, पछि प्राप्त थप कुटनीतिक र प्रशासनिक जानकारीपछि उक्त सूचना गलत रहेको पुष्टि भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार झा हाल इरानको बन्दर अब्बासस्थित थुनामा छन्। उनीमाथि अवैध सामान तस्करी तथा ओसारपसारको आरोपमा मुद्धा चलिरहेको छ । इरानी अदालतले मुद्धासम्बन्धि विज्ञ प्रतिवेदन तयार गर्न आदेश दिएको र उक्त प्रक्रिया अघि बढिरहेको जनाइएको छ । झालाई नेपाल फिर्ता ल्याउने प्रयोजनका लागि दुताबासमार्फत आवश्यक कागजात तथा प्रमाण संकलनको प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ।

विचाराधीन मुद्धा भएकाले इरानी कानुनअनुसार निष्पक्ष सुनुवाइ सुनिश्चित गर्न कुटनीतिक पहल जारी रहने पनि मन्त्रालयको भनाइ छ। यस घटनाले प्रारम्भिक कुटनीतिक सूचनाको आधारमा गरिएको सार्वजनिक अभिव्यक्तिमा सावधानी अपनाउनुपर्ने आवश्यकता उजागर गरेको छ।

## स्कटल्याण्डमाथि नेपालको सहज जित

काठमाडौं/आईसीसी विश्वकप लिग २ अन्तर्गत नेपालले स्कटल्याण्डलाई पराजित गरेको छ। भर्खरै सम्पन्न खेलमा नेपालले स्कटल्याण्डमाथि ६ विकेटको जित हात पारेको हो। १९५ रनको लक्ष्य नेपालले ३८.१ ओभरमा ४ विकेट गुमाएर भेट्टायो। कप्तान रोहित पौडेल र डा. ईशान पाण्डेको उत्कृष्ट साझेदारीमा नेपालले सहजै खेल आफ्नो पोल्टामा पार्यो ।

दुई ब्याट्सम्यानबीच १०४ रनको साझेदारी भयो । दुवैले अर्धशतकीय पारी खेले। रोहित ७४ रनमा अविजित रहे भने ईशानले ५५ रनको योगदान दिए ।

यस्तै, आसिफ शेखले २९ तथा कुशल भुर्तेलले २८ रन जोडे।

# विज्ञापन नीतिका कारण आर्थिक गणनामा समस्या



काठमाडौं/राष्ट्रिय तथ्यांक कार्यालयले सरकारको विज्ञापन सम्बन्धि नीतिका कारण राष्ट्रिय आर्थिक गणनाको प्रचारप्रसारमा समस्या भएको जनाएको छ । रेडियोकर्मीसँग आयोजित छलफल कार्यक्रममा कार्यालय प्रमुख तथ्यांक अधिकारी डा.कमलप्रसाद पोखरेलले सरकारी विज्ञापनसम्बन्धि नयाँ नीतिका कारण निजी सञ्चार माध्यमसँग अपेक्षित सहकार्य गर्न नसकिएको गुनासो गरे।

उनले ग्रामीण क्षेत्रमा एफएम रेडियोको पहुँच अझै प्रभावकारी रहेकाले त्यस्ता माध्यममार्फत् प्रचार प्रसार गर्न पाएको भए आर्थिक गणनामा सहज हुने बताए । नेपाल दुरसञ्चार प्राधिकरणको नयाँ नीतिका कारण कलर रिङब्याक टोनमार्फत् सूचनाप्रवाह गर्नसमेत नपाइएको उनको भनाइ थियो। डा. पोखरेलका अनुसार बैशाख २ गतेदेखि सुरु भएको आर्थिक गणनामा हालसम्म ५४ प्रतिशत् प्रगति भएको छ। हालसम्म करिब ८ लाख प्रतिष्ठान तथा संघसंस्थाको तथ्यांक संकलन गरिएको उनले जानकारी दिए।

उनले २०७५ सालमा गरिएको आर्थिक गणनामा करिब ९ लाख २३ हजार प्रतिष्ठान समेटिएको स्मरण गर्दै यसपटक कुनै पनि प्रतिष्ठान नछुटाइ गणना गर्ने लक्ष्य रहेको बताए । उनका अनुसार आर्थिक गणनाले देशको रोजगारी अवस्था, आर्थिक गतिविधिको प्रवृत्ति तथा समग्र आर्थिक प्रगतिबारे विश्वसनीय सूचना उपलब्ध गराउनेछ ।

प्राप्त तथ्यांकले नेपाल सरकारको आगामी पाँच वर्षभित्र १ सय खर्बको अर्थतन्त्र निर्माण गर्ने लक्ष्य तथा नेपाललाई अल्पविकसित राष्ट्र (एलडीसी) बाट स्तरोन्नति गर्ने प्रक्रियामा सहयोग पुग्ने विश्वास पनि उनले व्यक्त गरे । कार्यक्रममा कार्यालय उपप्रमुख तथ्यांक अधिकारी एवम् प्रवक्ता ढुण्डीराज लामिछानेले प्रचारप्रसार अभावले ग्रामीण क्षेत्रमा आर्थिक गणनाको काम प्रभावित भएको बताए।

उनले गाउँका धेरै नागरिकलाई आर्थिक गणनाबारे जानकारी नै नभएको उल्लेख गर्दै विज्ञापन गर्न नपाउँदा गणकहरुलाई काम गर्न कठिन भएको गुनासो आइरहेको बताए । कार्यालयका अनुसार हालसम्म आर्थिक गणनाका लागि ८ लाखभन्दा बढी कागजी प्रश्नावली वितरण गरिएको छ भने १० हजारभन्दा बढी ईसेन्सस टोकन बाँडिएको छ। बैशाख २ गतेदेखि सुरु भएको हुनेछ । सबै जिल्लामा कार्यालय तथा स्थानीय तहका प्रमुख र वडा अध्यक्षको सहयोग प्रभावकारी रहेको कार्यालयले जनाएको छ

# 'आधा बजेट कता हराउँछ, पत्तो हुँदैन'



काठमाडौं/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले मधेसमा भइरहेको चुरेदोहन र बजेट कार्यान्वयनको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएका छन् । राष्ट्रिय सभाअन्तर्गत् विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा सोमबार आफ्नो धारणा राख्दै अध्यक्ष ठाकुरले विकासका कुरा भए पनि व्यवहारमा भने प्रतिकूल अवस्था सिर्जना भइरहेको टिप्पणी गरे।

अध्यक्ष ठाकुरले चुरे र भावर क्षेत्रको अनियन्त्रित दोहनका कारण मधेसमा ठूलो संकट उत्पन्न भएको बताए । प्राकृतिक स्रोतको अधिक दोहनले वर्षायाममा उत्तरतर्फ कटान र दक्षिणतर्फ डुबानको भयावह समस्या निम्त्याएको उनको भनाइ थियो। महिनौंसम्म बस्तीहरु डुबानमा पर्दा पनि राज्यका निकायहरुबाट उचित ध्यान नपुगेको भन्दै उनले असन्तुष्टि व्यक्त गरे। उनले वातावरणीय चेतनाको अभाव र भौतिक विनाशका कारण विगतमा स्थापित विद्यालयसमेत बन्द हुने अवस्थामा पुगेको बताए। बजेट विनियोजन र त्यसको खर्च हुने प्रक्रिया पारदर्शी नभएको भन्दै अध्यक्ष ठाकुरले आलोचना गरे।

उनले भने-हामी चुरे विनाशको कुरा गरिरहेका छौं। तर, त्यहाँबाट ढुंगा, माटो र बालुवा निकाल्ने क्रम रोकिएको छैन। भावर क्षेत्रको स्थिति पनि उस्तै छ । बजेट जान्छ तर त्यसको प्रतिफल देखिँदैन। आधा बजेट कता हराउँछ, कसैलाई पत्तो हुँदैन । जसरी हामी पृथ्वी घुमिरहेको देख्दैनौं, त्यसैगरि बजेट पनि शून्यमा हराइरहेको छ। बिगतका वर्षहरूमा बजेट विनियोजन भए पनि त्यसले लक्षित वर्ग र क्षेत्रलाई छुन नसकेको उल्लेख गर्दै उनले यसपटकको बजेट बालुवामा पानी हालेजस्तै शून्यमा नजाओस् भन्ने कामना गरे।

विकास निर्माणका योजनाहरु कागजमा सीमित नभइ जनताले महसुस गर्ने गरी कार्यान्वयन हुनुपर्नेमा उनले समितिको बैठकमा सरकारलाई मधेसको संवेदनशीलता बुझ्न र विकासका योजनाहरुलाई परिणाममुखी बनाउन ध्यानाकर्षण गराए।

# लागत घटाउन निक्षेपकर्ताको ब्याजमा कैंची

काठमाडौं/यदि तपाईले आफ्नो दु:खको कमाइ बैंकमा जम्मा गरेर ब्याजबाट केही गर्छु भन्ने सोच्नुभएको छ भने यतिबेला झस्काउने तथ्यांक आएको छ। हाम्रो बैंक खाता राखेको पैसाले पाएको अंक त बढेको देखिन्छ, तर त्यो पैसाको वास्तविक क्रयशक्ति भने घटिरहेको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको २०८२ चैत महिनाको तथ्यांकले मुलुक ऋणात्मक वास्तविक ब्याजदर (नेगेटिभ रियल इन्ट्रेस्ट रेट) को जोखिमपूर्ण चक्रमा फसेको पुष्टि गरेको छ। साधारण भाषामा भन्दा हाल बैंकले दिने ब्याजभन्दा बजारमा महंगी (मुद्रास्फीति) धेरै छ। हाल बैंकमा पैसा राख्नु भनेको आफ्नो सम्पत्तिको मूल्य बिस्तारै गुमाउँदै गएको अवस्था सिर्जना भएको छ।

राष्ट्र बैंककै तथ्यांकले एउटा तीतो यथार्थ उजागर गरेको छ, २०८२ चैतमा वार्षिक विन्दुगत् उपभोक्ता मुद्रास्फीति ४.४७ प्रतिशत्मा पुगेको छ, जबकि बैंकहरुको औसत निक्षेपको ब्याजदर मात्र ३.४० प्रतिशत्मा खुम्चिएको छ। मुद्रास्फीति भनेको वस्तु तथा सेवाहरुको एकीकृतरुपमा भार कायम गरेर निकालिने औसत मूल्य वृद्धिको सूचक हो। बजारमा सामानको भाउ जसरी बढिरहेको छ, बैंकले दिने ब्याजले त्यसलाई भ्याउनै सकेको छैन । नतिजास्वरुप, हामीले बैंकमा पैसा राखेबापत् उल्टै वार्षिक १.०७ प्रतिशत् अदृष्य महंगी कर तिरिरहनु परेको छ।

अझ बचत खातामा मात्र पैसा राख्ने सर्वसाधारणको हालत त झन् दयनीय छ । बचत खाताको औसत ब्याजदर २.९० प्रतिशत्मात्र छ । यसको अर्थ हो, हामीले बैंकमा १ सय रुपियाँ जम्मा गरेका छौं भने एक वर्षपछि बैंकले १ सय २ रुपैयां ९० पैसा दिन्छ। तर, महंगीका कारण त्यही १ सयको सामान किन्न अब १ सय ४ रुपियाँ ४७ पैसा खर्च गर्नुपर्छ। यसरी हाम्रो खल्तीबाट १ रुपियाँ ५७ पैसा थाहै नपाइ खिएर गएको अवस्था सिर्जना भएको छ । हाल देखिएको यस्तो अवस्था तरलताको चाप र लगानी संकटका कारण उत्पन्न भएको हो।

आर्थिक वर्ष २०८२/०८३ को साउनदेखि चैत मसान्तसम्मको अवधिमा नेपाली बैंकिङ क्षेत्रमा निक्षेप संकलन र कर्जा प्रवाहबीचको खाडल फराकिलो देखिएको छ । यस अवधिमा बैंकहरुमा निक्षेप संकलन उल्लेख्यरुपमा बढे पनि कर्जाको माग र प्रवाह भने तुलनात्मकरुपमा सुस्त देखिएको छ, जसले समग्र वित्तीय प्रणालीमा उच्च तरलताको अवस्था सिर्जना गरेको छ।

साउन महिनामा ७२ खर्ब ४१ अर्ब रहेको कुल निक्षेप चैत मसान्तसम्म आइपुग्दा ९.३५ प्रतिशत् वृद्धि भइ ७९ खर्ब १८ अर्ब पुगेको छ। रकमका आधारमा हेर्दा पहिलो ९ महिनामा ६ खर्ब ७७ अर्ब थप निक्षेप संकलन भएको देखिन्छ । अर्कोतर्फ, सोही अवधिमा कर्जा प्रवाहको अवस्था भने निक्षेपको तुलनामा केही सुस्त देखिएको छ । साउनमा ५५ खर्ब ७६ अर्ब रहेको कुल कर्जाप्रवाह चैत मसान्तसम्म आइपुग्दा ५.९५ प्रतिशत्मात्र बढेर ५९ खर्ब ८ अर्ब पुगेको छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले कुल ३ खर्ब ३२ अर्ब बराबरको थप कर्जा लगानी गरेका छन्।

निक्षेपको तुलनामा कर्जा विस्तार करिब आधामात्र हुनुले बैंकहरुमा लगानीयोग्य रकम थुप्रिएको देखाउँछ। बजारमा पैसाको थुप्रो छ तर उद्योगी र व्यवसायीहरु ऋण लिएर लगानी गर्न डराइरहेका छन्। बैंकहरुमा पैसा थुप्रिएपछि उनीहरुले निक्षेपको ब्याजदर घटाउँदै लगेका छन्, जसले गर्दा बचतकर्ताहरु आफ्नो पैसाको मूल्य बैंकमै खिएको हेर्न बाध्य छन्।

बजारमा तरलता बढेसँगै ब्याजदरमा भने लगातार गिरावट आएको छ। साउन–भदौमा ५.७८ प्रतिशत् रहेको आधार दर चैत–बैशाखसम्म आइपुग्दा ५.०६ प्रतिशत्मा झरेको छ। यसको सीधा अर्थ हो, बैंकहरुको पैसा परिचालन गर्ने लागत निरन्तर घटिरहेको छ।

तर, यही अवधिमा निक्षेपको भारित औसत ब्याजदर साउनको ४.०२ प्रतिशत्बाट झरेर चैतमा ३.४ प्रतिशत्मा खुम्चिएको अवस्था देखिन्छ यानी बैंकहरुले कैंची चलाएका छन्। तर, कर्जाको औसत ब्याजदर भने अझै पनि ६.८ प्रतिशत् हाराहारीमा राखेर ठुलो मार्जिन सुरक्षित गरिरहेका छन्।

## हकदावीसम्बन्धि ३५ दिने सार्वजनिक सूचना

निवेदक: इन्द्रमाया भुजेन (विवाहित छोरी) जग्गावाला: तुल्सीमाया श्रेष्ट (आमा )


जिल्ला मकवानपुर साबिक हटिया गाविस वडा नं. ७ (हालको हेटौंडा उपमहाजगरपालिका वडा नं. १५ मकवानपुर) बस्ने तुल्सीमाया क्षेष्ठको मिति २०८३/०१/०९ तथा निजको पति एसी क्षेष्ठको समेत मिति २०५४/०७/२१ मा मृत्यु भएको एसी क्षेष्ठ तथा तल्सीयामा क्षेष्ठबाट छोराको जायजन्म नभएको तथा ईन्द्रमाया भुजेल १ र हिरा कुमारी क्षेष्ठ १ गरी जना २ छोरीहरु मात्र जायजन्म भएकोमा दुवै जनाको विवाहा भई सकेको, मृतक तुल्सीमाया क्षेष्ठको नाममा दर्ता कायम रहेको साविक रातोमाटे गा.वि. स. वडा नं. ६ (हालको परिवपर्तित उपमहालिकाको वडा नं १५ मकवापुर) को कि नं. १०३० क्षे.फ . ०–२–३ जग्गा मृतम आमा तुल्सीमाया क्षेष्ठ तथा बुवा एसी क्षेष्ठको मृत्यु पश्चात हामी दुई जना विवाहित छोराहरु मात्र हकदार रहेको र मृतह आमा तुल्सीमाया क्षेष्ठ तथा बुवा एसी समेतको जिवित हुँदा पालनपोषण औषधि उपचार हेरचार तथा मृत्यु पश्चात काजकृया समेत आफुहरुको गरेको भनि उलखित मृतक तुल्सीमाया क्षेष्ठको नाममा रहेको साविक रातोमाटे गा.वि.स. वडा नं. ६ कि. नं. १०३० क्षे.फ. ०–२–३ जग्गा हामीहरु हकदार मध्ये हिरा कुमारी क्षेष्ठको मंजुरीले ईन्द्रमाया भुजेलको नाममा एकलौटी नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका वडा नं. १५ को च.नं. ३०१७ मिति २०८३/०१/३० नामसारी सिफारिस, ऐ.ऐ. वडाको च.नं. ३०३४ मिति २०८३/०२/०१ को पालनपोषण ताथ काजक्रिया सिफारिस स्थलगत सर्जमित मुचुल्का नाता प्रमाण पत्र, प्रतिलिपी जग्गा धनी प्रमाण पुर्जा, मृत्यु दर्ता प्रमाण पत्रहरुको प्रतिलिपी समेत संलत रादी द.नं. १६०१३ मिति २०८३/०१/३१ मा हिरा कुमारी क्षेष्ठको मंजुरी सहित ईन्द्रमाया भुजेलबाट सहिसनाखत सहितको मागदवी निवेदन पेश भएकोदले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: निवेदकको मागदावी सत्य नभइ झुठा भए वा जग्गाधनिको नाम थर अन्यथा भएको भए वा जग्गाधनिको पालनपोषण तथा काजकृया अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोहि कसैको हकभोग भएको भए वा निवेदकको माग दावी बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रमासित /जारी भएको मिमिले २५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवापुरमा स–प्रमाण दाबी/उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन।







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# शिक्षा संकायलाई म्यानेजमेन्टले निरन्तरता दिने

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्लाको सर्वाधिक लोकप्रिय र उत्कृष्ट महाबिद्यालय हेटौंडा स्कुल अफ म्यानेजमेन्टले आगामी शैक्षिक सत्रमा शिक्षा संकाय विषयको पढाइलाई निरन्तरता दिने भएको छ ।



हेटौंडा–४ स्थित हेटौंडा स्कुल अफ म्यानेजमेन्टले गत बर्ष नवोदय शिशु सदन तथा नवोदय इनोभेसन सेन्टरसंगको सहकार्यमा सञ्चालन गरेको शिक्षा संकायको अध्यापनलाई निरन्तरता दिने जनाएको छ ।

नेपालको शिक्षण क्षेत्रमा दक्ष तथा सीपयुक्त शिक्षकको अभाव देखिएको सन्दर्भमा सामाजिक उत्तर दायित्वको भावना र गुणस्तरीय शिक्षाको आवश्यकता महसुस गर्दै यस कार्यक्रमलाई निरन्तरता दिंदै गत वर्षभ‌ैं यस बर्ष पनि ३० जना विद्यार्थीलाई सत्प्रतिशत नि:शुल्क अध्ययनको अवसर प्रदान गरिने सोमबार म्यानेजमेटद्वारा आयोजित पत्रकार सम्मेलनमार्फत् क्याम्पस प्रमुख पुरनबहादुर जोशीले जानकारी गराए ।

क्यापस प्रमख जोशीले नेपाली विषयका लागि १० जना, अंग्रेजी विषयका लागि १० जना तथा गणित विषयका लागि १० जना विद्यार्थी छनौट गरेर ३० जनलाई नि:शुल्क शिक्षा शास्त्र विषय अध्ययन गराउने योजना रहेको उनले सुनाए ।

म्यानेजमेन्टमा शैक्षिक सत्रका लागि विद्यालयमा विज्ञान, व्यवस्थापन, होटल म्यानेजमेन्ट, शिक्षा तथा ब्यूटिसियन एण्ड हेयरड्रेसिङ लगायतका संकायहरुमा अध्ययनको अवसर रहेको उनले बताए ।

त्रिभुवन विश्वविद्यालयसंगको सम्बन्धमा २०६० सालदेखि स्नातक तहको पठनपाठन सुरु गरेको म्यानेजमेन्टले अहिले वाणिज्य संकायमा स्नातक र स्नात्तकोत्तर तह तथा स्नातक तहमा सूचना प्रविधि सम्बन्धि कार्यक्रम सञ्चालन गरिरहेको छ । म्यानेजमेन्टमा स्नातक र स्नात्तकोत्तर तहमा १२ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितताको मान्यता पाउने म्यानेजमेन्ट मकवानपुर जिल्लाको पहिलो निजी शैक्षिक संस्था हो । विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितताको मान्यता पाउनु महत्वपूर्ण उपलब्धी भएको म्यानेजमेन्टका प्रिन्सिपल जोशी बताउछन् । २०५२ सालमा स्थापित म्यानेजमेन्टले आफ्नै बुझाइका आधारमा बजार मागअनुसारको बिषयलाई प्राथमिकतामा राखेर अध्यापन गराउदै आएको उल्लेख गर्दे प्रिन्सिपल जोशीले भने, 'समयानुकुल संस्थालाई व्यवस्थित बनाएर लैजान विश्वविद्यालय अनुदान आयोगबाट हामीले म्यानेजमेन्टलाई संस्थागत रुपमा विकसित गर्न, अझ राम्रो बनाउंदै लैजान मार्ग दर्शन तथा सहयोग पाएका छौं ।

आयोगबाट गुणस्तरीयताको सुनिश्चितता र स्थानीयको सद्भावका कारण हामी सर्वोकृष्ट बन्न सफल भएको छौं जोशीले भने ।

# संघीयले स्थानीयको अधिकार मिच्दा असन्तोष

सन्देश संवाददाता

हेटौंडा/नेपालको शिक्षा प्रणाली एउटा संवेदनशील बहसको केन्द्रमा छ । सरकारले केही समयअघि पठनपाठन कार्यघण्टा निर्धारण गर्दै शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णय गरेको छ ।

यससँगै पाठ्यघण्टा, आन्तरिक मूल्यांकन, परियोजना कार्य र बिदा व्यवस्थापनमा परिवर्तन गरिएको छ । तर, यस निर्णयले स्थानीय तह र विद्यालयबीच असमञ्जस अवस्था उत्पन्न गरेको देखिन्छ । कतिपय स्थानीय तहले आइतबार पनि विद्यालय सञ्चालन गर्ने घोषणा गरेका छन्, संघीय सरकारको निर्णयलाई संविधानको मर्मविपरीत भन्दै अस्वीकार गरेका छन् । यसले के देखाउँछ भने शिक्षा सुधार नीतिगत् घोषणाले मात्र सम्भव हुँदैन, यसको सफल कार्यान्वयनका लागि संघ, प्रदेश, स्थानीय तह, विद्यालय, शिक्षक, अभिभावक र समुदायबीच समन्वय अपरिहार्य छ ।

शिक्षा प्राप्त गर्ने अधिकार संविधानले नै सुनिश्चित गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यताअनुसार शिक्षा सबै नागरिकको मौलिक हक हो । तर, व्यवहारमा संघीय सरकारले स्थानीय तहको अधिकार मिचेर निर्णय गर्ने प्रवृत्ति देखिँदा असन्तोष बढेको छ । यसरी असमञ्जस बढ्दा विद्यार्थीहरु मारमा परेका छन् ।

गुणस्तरीय शिक्षा भनेको पाठ्यक्रम पूरा गर्ने प्रक्रियामात्र होइन, यो व्यक्तिलाई आत्मनिर्भर बनाउने, समाजलाई सभ्य बनाउने र राष्ट्रलाई प्रतिस्पर्धी बनाउने आधार हो । दीगो विकास लक्ष्य–४ ले पनि सबैका लागि समावेशी र न्यायोचित शिक्षा सुनिश्चित गर्ने प्रतिज्ञा गरेको छ । त्यसैले, शिक्षा सुधार कुनै एक निकायको जिम्मेवारी होइन, सबै सरोकारवालाको साझा एजेण्डा हो । विद्यालयले बालमैत्री वातावरण सिर्जना गर्नुपर्छ, शिक्षकले विद्यार्थी केन्द्रित शिक्षण पद्धति अपनाउनुपर्छ, विद्यार्थीले खोजमूलक अध्ययनमा सक्रिय हुनुपर्छ, अभिभावकले घरमै अध्ययन वातावरण निर्माण गर्नुपर्छ र समुदायले विद्यालयलाई सहयोग र निगरानी गर्नुपर्छ ।

यी सबै पक्षको सक्रिय सहभागिताबिना शिक्षा सुधार सम्भव छैन । शिक्षा सुधारमा देखिएको असमञ्जसको समाधान समन्वय नै हो । संघीय सरकारले स्थानीय तहको अधिकार मिचेर सुधार गर्न सक्दैन । स्थानीय तहले पनि संघीय नीतिलाई अस्वीकार गरेर आफ्नै बाटो रोज्दा शिक्षाप्रणाली कमजोर हुन्छ । त्यसैले, शिक्षा सुधारलाई सफल बनाउन संघ, प्रदेश र स्थानीय तहबीच समन्वय हुनु अपरिहार्य छ ।

शिक्षाप्रणालीलाई व्यवस्थित, प्रभावकारी, नतिजामूलक, उत्पादनमूलक, प्रतिस्पर्धी, जीवनोपयोगी तथा गुणस्तरयुक्त बनाउन दीर्घकालीन सोच, उत्तरदायित्व र सबै सरोकारवालाको सहकार्य जरुरी छ ।

नेपालले दीगो विकास लक्ष्य पूरा गर्ने प्रतिज्ञा गरेको छ । त्यस लक्ष्य हासिल गर्न शिक्षा प्रमुख आधार स्तम्भ हो । यदि हामीले शिक्षा प्रणालीलाई गुणस्तरीय बनाउन सकेनौं भने अन्य लक्ष्यहरु पनि अधुरै रहन्छन् । त्यसैले, शिक्षा सुधारलाई राजनीतिक विवाद वा अधिकारको द्वन्द्वको विषय होइन, राष्ट्रिय हित र भविष्यको आधारका रुपमा लिनुपर्छ । गुणस्तरीय शिक्षा सुधारका लागि पाठ्यघण्टा परिवर्तन वा बिदा व्यवस्थापन गरेरमात्र सम्भव हुँदैन । यो दीर्घकालीन सोच, उत्तरदायित्व र सबै सरोकारवालाको सहकार्य हुनुपर्छ ।

शिक्षाप्रणालीलाई जीवनोपयोगी, प्रतिस्पर्धी र समतामूलक बनाउन संघीय संरचनाको आत्मा अनुसार समन्वय गरिनुपर्छ । शिक्षा सुधारमा असमञ्जस होइन, सहकार्य र साझा जिम्मेवारी भविष्यको मार्ग हो । यसरी शिक्षा सुधारलाई नीतिगत् निर्णय नभइ समन्वय र सहकार्यको साझायात्राका रुपमा बुझ्नुपर्छ । यस कार्यमा देशका तीनै तहको सरकारले जिम्मेवारी लिने र जनभावनाअनुसारको काम गर्नुपर्ने देखिन्छ ।

# मानवबेचबिखनबारे विद्यार्थीलाई अभिमुखीकरण

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा मानव बेचबिखन तथा विद्युतीय (साइबर) अपराधविरुद्ध दुई दिन विद्यार्थीलाई अभिमुखीकरण गरिएको छ । माइती नेपाल मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिका–२ नम्बर वडा कार्यालयको सहकार्यमा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा मानवअधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्ध सञ्जालका सचिव जगन्नाथ सुबेदीले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि कानुनी व्यवस्था र यसको वर्तमान स्वरुपबारे प्रस्तुतिकरण दिएका थिए । उनले डर, धम्की, छलकपट, शक्तिको दुरुपयोग वा जोखिमपूर्ण अवस्थाको फाइदा उठाएर व्यक्तिलाई शोषणका लागि प्रयोग गर्नु मानव बेचबिखन हुने बताए ।

उनले वेश्यावृत्ति, दासता, बन्धुवा मजदुरी तथा अन्य शोषणका उद्धेश्यले व्यक्तिलाई एक स्थानबाट अर्को स्थानमा लैजानु, आश्रय दिनु वा त्यस्तो कार्यमा सहयोग गर्नु पनि बेचबिखनअन्तर्गत् पर्ने जानकारी दिए । सुबेदीले राष्ट्रिय मानवअधिकार आयोगको सन् २०१९ को अनुमान अनुसार करिब १५ लाख नेपाली मानव बेचबिखनको जोखिममा रहेको उल्लेख गर्दै ११ देखि २५ वर्ष उमेर समूहका महिला तथा किशोरी उच्च जोखिममा रहेको बताए । नेपाल पछिल्ला वर्षहरुमा स्रोत मुलुकसँगै गन्तव्य र ट्राञ्जिट मुलुकका रुपमा समेत विकसित हुँदै गएको तथ्य प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा विद्युतीय कारोबार ऐन, २०६३ अनुसार विद्युतीय माध्यमबाट गरिने अपराधलाई साइबर अपराध मानिने र यस्तो कसुरमा ५ वर्षसम्म कैद तथा १ लाखसम्म जरिवानाको व्यवस्था रहेको जानकारी दिइयो । सिविन नेपालका प्रबन्धक झविन्द्र ज्ञवालीले बालबालिकालाई अनलाइन दुर्व्यवहारबाट कसरी जोगाउने तथा सरोकारवालाको भूमिका कस्तो हुनुपर्छ भन्ने विषयमा प्रस्तुतिकरण दिएका थिए । उनले अनलाइन बाल यौनशोषणका विभिन्न स्वरुपबारे समेत जानकारी गराए । अधिवक्ता जगन्नाथ सुबेदी, माइती सहजकर्ता सरिता देबकोटा तामाङलगायतको सहभागिता थियो ।

# अव्यवस्थित तार हटाइँदै

सन्देश संवाददाता

भरतपुर/महानगरपालिकाभित्रका सहरी क्षेत्रमा रहेका विद्युतका 'पोल'हरुमा रहेका अव्यवस्थित तार हटाउन सुरु गरिएको छ । महानगरपालिका र जिल्ला प्रशासन कार्यालयसहित सेवा प्रदायक संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा छलफल भएसँगै तार हटाउन सुरु गरिएको हो ।



इन्टरनेट प्रदायक संस्थाका कर्मचारीहरुले आफ्नो तार आफैं व्यवस्थापन गरिरहेका छन् ।

भरतपुर महानगरपालिकाका इन्जिनियर सुरेश बोटका अनुसार आवश्यक सहयोग महानगरपालिका नगर प्रहरीहरुले गरिरहेको उनले जानकारी दिए । इन्जिनियर बोटले भने, "महानश्रगरको अगुवाइमा अव्यवस्थित तार हटाएर पोलहरुलाई सुन्दर र व्यवस्थित गर्ने काम भइरहेको छ ।"

महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले स्थानीय प्रशासनसहितको बैठकपछि इन्टरनेट सेवा प्रदायकहरुलाई अव्यवस्थित रहेका तारहरु हटाउन सूचना गरिएको बताए । महानगरभित्र यस्ता अव्यवस्थि तारका कारण असुरक्षित र कुरुप देखिएको भन्दै उनले इन्टरनेट प्रदायक सस्थाले आफ्नो तार व्यवस्थापन नगरेमा नगर प्रहरीले हटाउने भएकाले तत्काल काम गर्न भनिएको बताए ।

सबै सेवा प्रदायक र महानगरका नगर प्रहरीहरुले हरेक बिधुत पोलहरुमा काम गरिरहेको बताए । यही वैशाख २७ गतेदेखि निरन्तर रुपमा काम भइरहेको छ ।

## रत्ननगर राष्ट्रिय फुटबलको उपाधि मकवानपुरलाई

सन्देश संवाददाता

हेटौंडा/रत्ननगरमा आयोजित प्रथम रत्ननगर कप राष्ट्रिय फुटबल प्रतियोगिताको उपाधि एन्फा मकवानपुरले जितेको छ । वडा–८ स्थित बाघमारा खेल मैदानमा भएको फाइनल खेलमा कटारी टाइगरलाई पराजित गर्दै मकवानपुरले उपाधि रक्षा गरेको हो । प्रतियोगितामा मकवानपुरले कटारीलाई १–० गोलअन्तरले पराजित गरेको हो ।

उपाधि जितेको मकवानपुरलाई चार लाख रुपियाँ, शिल्ड, मेडल र प्रमाणपत्र र उपविजेतालाई दुई लाख पुरस्कारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । उत्कृष्ट गोलरक्षक एन्फा मकवानपुरका गोपी बर्तौला, सार्वाधिक गोलकर्ताको उपाधि कटारी टाइगरका प्रताप राई, एन्फा मकवानपुरका विजय श्रेष्ठ उत्कृष्ट कोच, फाइनल खेलको म्यान अफ दी म्याच एन्फा हेटौंडाका जन्मे धामी घोषित भएका थिए ।

उनीहरुलाई खेल आयोजक कमिटीले नगद पुरस्कारसहित शिल्ड प्रदान गरेको थियो । रत्ननगर नगरपालिकाको संरक्षकत्वमा युवा तथा खेलकुद विकास समिति रत्ननगर–७ ले आयोजना गरेको प्रतियोगितामा आयोजकसहित ८ वटा टिमहरुले उपाधिका लागि प्रतिस्पर्धामा खरो उत्रिएका थिए ।

समापनमा मेयर प्रह्लाद सापकोटा, रत्ननगर खेलकुद विकास समितिका संयोजक तथा वडा–८ का वडा अध्यक्ष कृष्ण चौधरी, युवा तथा खेलकुद विकास समिति अध्यक्ष सरोज महतो, खेल संयोजक सञ्जय लामाले नगद पुरस्कारसहित शिल्ड, मेडल र प्रमाणपत्र हस्तान्तरण गरे ।

कार्यक्रममा मेयर सापकोटाले रत्ननगरमा गरिएको राष्ट्रियस्तरको प्रतियोगिताले खेल पर्यटनको विकासमा दीर्घकालीन प्रभाव पर्ने बताए । यस राष्ट्रियस्तरको बनाउने प्रतिबद्धता जनाए । समिति संयोजक चौधरीले मेयर कप हुन नसकेपछि राष्ट्रिय स्तरको प्रतियोगिता गरिएको बताए ।

## सिमेन्टले विद्युत् महसुल ४० करोड

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा सिमेन्ट उद्योगले कोइलाको अभाव भएको जनाउँदै बिहीबार विहानदेखि उत्पादन बन्द गरेको छ । करिब एक महिनाअघि मात्र नियमित सञ्चालन ल्याइएको उद्योगको उत्पादन फेरि बन्द भएको हो । उद्योगले तीन हजार मेट्रिकटन कोइला किन्न बोलपत्र आह्वान गरि सकेको छ । करिब दुई हप्ताभित्र कोइला आइपुग्ने उद्योगका सहायक प्रबन्धक विकास श्रेष्ठले बताए । कोइलाको परीक्षण नतिजाअनुसार मात्र सिमेन्टको उत्पादनको समय निर्धारण हुने उनले जानकारी दिए ।

यसअघि आर्थिक संकटका कारण धरासयी बनेको सरकारी स्वामित्वको उद्योगलाई नियमित र पूर्णक्षमतामा सञ्चालन गर्न सरोकारवालाले माग राख्दै आएका छन् । संघीय सांसद् प्रकाश गौतमले उद्योगको समस्या समाधानका लागि केन्द्र सरकार र बागमती प्रदेश सरकारसँग पहल सुरु गरेका छन् । उनले आफू सांसद् निर्वाचित भएपछि प्रधानमन्त्री, उद्योगमन्त्री र बागमती प्रदेशका मुख्यमन्त्रीसँग उद्योगको अवस्थाबारे छलफल गरेको जानकारी दिए । प्रदेश सांसद्ले पनि उद्योग नियमित सञ्चालनको विषय उठाउँदै आएका छन् ।

भदौमा पाँच दिनमात्र सञ्चालन भएको उद्योगले दुई हजार पाँच सय टन क्लिंकर र ३० हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो । निमित्त महाप्रबन्धक डा.शिवनारायण साहका अनुसार चैत १३ गतेदेखि क्लिंकर उत्पादन सुरु गरिए पनि कच्चा पदार्थ (कोइला) अभावमा उद्योग पुन: बन्द हुने अवस्थामा छ । यहाँ पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आपूर्ति हुन सकेको छैन । उद्योग बन्द भए पनि कर्मचारीको तलब, भत्ता र सामान्य मर्मत खर्च जस्ता अनिवार्य दायित्वले आर्थिक भार थपिरहेको छ ।

हाल उद्योगमा ३ सय १८ जनशक्ति कार्यरत् छन् । बिद्युत महसुल बक्यौता ४० करोड रुपियाँ पुगिसकेको छ भने अन्य बक्यौताकै कारण प्राधिकरणसँग निर्वाध विद्युत् आपूर्तिका लागि आग्रह गर्नसक्ने अवस्थासमेत नरहेको प्रशासनको भनाइ छ ।

## हेटौंडा-१३ मा हाइमास्ट लाइट



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्बर–१३ मा आधुनिक प्रविधियुक्त हाइमास्ट लाइट जडान गरिएको छ । उक्त बत्तीको उद्घाटन वडा अध्यक्ष पेम्बा लामाले गरेका हुन् ।

स्थानीय तहको पहल र हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा जडान गरिएको हाइमास्ट लाइट सञ्चालनमा आएपछि स्थानीयले खुशी व्यक्त गरेका छन् । आधुनिक प्रविधिअनुसार उज्यालो व्यवस्थाले वडाको सौन्दर्य बढ्नुका साथै सुरक्षा व्यवस्थामा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले नगरलाई उज्यालो, सुरक्षित र सुन्दर सहरका रुपमा विकास गर्ने उद्धेश्यसहित विभिन्न स्थानमा विशेष प्राथमिकतासाथ यस्ता बत्ती जडान गर्दै आएको जनाएको छ । रातिको समयमा हुनसक्ने सम्भावित आपराधिक गतिविधि न्यूनीकरण गर्न तथा सर्वसाधारणलाई सुरक्षित अनुभूति दिलाउन हाइमास्ट लाइट प्रभावकारी हुने विश्वास लिइएको छ ।

स्थानीय नागरिकले नगर प्रमुख मीनाकुमारी लामा तथा वडा अध्यक्ष लामाप्रति आभार व्यक्त गर्दै यस्ता विकास निर्माणका कार्यले नगरको सुरक्षा, विकास र सुन्दरतामा थप टेवा पुग्ने बताएका छन् । वडा अध्यक्ष लामाले वडालाई विकास र सुरक्षाको दृष्टिले नमुना बनाउन निरन्तर प्रयासरत् रहेको बताउँदै आधुनिक बत्ती जडान अभियानले नगरभित्र हुनसक्ने सम्भावित आपराधिक गतिविधि न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## पूर्वराष्ट्रपति भण्डारी अब एमाले सदस्य

काठमाडौं/नेकपा एमालेले पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टी सदस्यता दिने निर्णय गरेको छ । सोमबार पार्टी अध्यक्ष केपी शर्माओलीको भक्तपुरस्थित गुण्डु निवासमा बसेको सचिवालय बैठकले भण्डारीलाई सदस्यता दिने निर्णय गरेको हो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उपमहासचिव लेखराज भट्टले बैठकले विद्यादेवी भण्डारीलाई पार्टी सदस्यता दिने निर्णय गरेको जानकारी दिए । उनले अन्य विविध विषयमा पनि छलफल भएको भए पनि त्यसबारे निर्णय हुन बाँकी रहेको बताए । उनका अनुसार सचिवालयको अर्को बैठक जेठ ८ गते बस्नेछ । एमालेले गत वर्ष साउनको पहिलो साता भण्डारीको पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय गरेको थियो । एघारौं राष्ट्रिय महाधिवेशनमार्फत् पार्टी नेतृत्वमा आउने तयारीसहित भण्डारी सक्रिय भएपछि अध्यक्ष ओलीले सदस्यता नवीकरण नगर्ने निर्णय सुनाएका थिए


# भावपूर्ण श्रद्धाञ्जली
एवम्
## सादर अनुरोध



स्व. नेन्सी के.सी. लामा

जन्म:
२०५१ पौष ११ गते

देहावसान:
२०८३ वैशाख २३ गते

हाम्री प्रात:स्मरणीय बुहारी **नेन्सी के.सी. लामा** को ३१ वर्षको उमेरमा दु:खद निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
शोकको यस दु:खद घडीमा अन्त्येष्ठीमा सहभागी हुनुहुने, निवासमा पाल्नुहुने, विभिन्न माध्यमबाट समवेदना, सद्भाव प्रकट गर्नु भई सर–सहयोग गर्नुहुने इष्टमित्र, बन्धुबान्धव, संघ संस्था, निकाय, राजनैतिक दलका मित्रहरू लगायत सबैप्रति हाम्री आभार व्यक्त गर्दै बौद्ध धार्मिक परम्परा अनुसार
**१४ औं दिनको पुण्यतिथिमा शुद्धशान्तिको पितृप्रसाद ग्रहणका लागि उपस्थित भइदिनुहुन सादर अनुरोध गर्दछौं ।**

**कार्यक्रम**
मिति : २०८३ जेठ ०६ गते बुधबार
समय : दिनको २:०० बजेदेखि
स्थान : टिसिएन रोड, हेटौंडा – १०
आफ्नै निवास

सासु हजुरआमा :
श्रीमती मिठ्ठूदेवी घले
सासु/ससुरा :
अरुण लामा/ममता लामा
काका/काकी ससुरा :
अरविन लामा
श्रीमान् :
एलेक्स लामा

आमाजु : एनि लामा
जेठाजु : अमित लामा
आमाजु/भिनाजु : अल्पना/मनिष थिङ
नन्द/ज्वाईं : अलसा/भिलन गुरुङ
**एवम्**
**समस्त लामा परिवार**



## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६



## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाभ‌ैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।





प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने